का.जि.प्र.का.द.नं. १००/०५९/६०
७ असोज २०८०,
आइतबार
24 September 2023,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २४१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




एसियाली खेलकुदको सवैभन्दा ठूलो प्रतियोगिता १९औं एसियाडको शनिबार चीनको झ्यान्डाउस्थित हान्झाउ ओलम्पिक स्पोर्ट्स सेन्टरमा उद्घाटन भएको छ। उद्घाटन समारोहमा नेपालका खेलाडीहरु परेड गर्दै। तस्वीरः सिन्हा/रासस

# चीनको विश्वास जित्ने प्रचण्ड प्रयास

**पश्चिमा मुलुकको चाहनाअनुसार नेपाल अघि बढ्न खोजेको चिनियाँ आशंकाबीच राष्ट्रपति सीसँगको भेटमा प्रधानमन्त्री प्रचण्डले विश्वास जित्ने प्रयास गरेका छन् ।**

## प्वाक्कै !
-सानुराज




कार्जेक्रम सकिने बितिक्कै किन टाप कस्या रे! हांग्जाउमा खेलकुद प्रतियोगिता छ,भाग लिन जानु परेन त!

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ६ असोज ।

चीन भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र चीनका राष्ट्रपति सी जिनपिङबीच भेटवार्ता भएको छ। चीन भ्रमणमा पुगेका प्रचण्डले हाङजाउमा चिनियाँ राष्ट्रपति सीसँग भेटवार्ता गरेका हुन् ।

पश्चिमा मुलुकको चाहनाअनुसार नेपाल अघि बढ्न खोजेको चिनियाँ आशंकाबीच राष्ट्रपति सीसँगको भेटमा प्रधानमन्त्री प्रचण्डले विश्वास जित्ने प्रयास गरेका छन् । नेताहरुका अनुसार प्रचण्डले चीनको समेत विश्वास जितेर अगाडि बढ्न चाहेको सन्देश दिएका छन् । तर चिनियाँ राष्ट्रपति सीले नेपालको विकासमा चासो राखेका छन् ।

प्रचण्ड र सीबीच वान टु वान र प्रतिनिधि मण्डलसँग सामूहिकरुपमा समेत गरी एक घण्टा लामो कुराकानी भएको थियो । त्यसक्रममा दुवै नेताबीच यस क्षेत्रको क्षेत्रीय स्थिरता, शान्ति र समृद्धिका



लागि सबै क्षेत्रीय शक्तिबीच साझा सहकार्य जरुरी रहेको कुरामा सहमति रहेको बताइन्छ। उनीहरुबीच एक अर्काको चासो र संवेदनशीलता बुझेर आपसी सहकार्य अझ सघन बनाउने सहमति भएको छ।

भेटका क्रममा राष्ट्रपति सीले नेपालको आर्थिक, सामाजिक

पृष्ठ २ मा

# क्रिकेट नेतृत्वमा पारसको फड्को

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ असोज ।

राष्ट्रिय क्रिकेटका पूर्व कप्तान पारस खड्का नेपाल क्रिकेट संघ (क्यान)को नेतृत्वदायी भूमिकामा पुगेका छन् । खेल छाडेर क्रिकेट नेतृत्वका लागि अग्रसर भउ लगत्तै उनले क्यानको केन्द्रीय सचिवको जिम्मेवारी पाएका छन् । शनिबार भएको निर्वाचनबाट क्यानको नयाँ केन्द्रीय कार्यसमिति चयन भएको छ । अध्यक्षमा चतुरबहादुर चन्द र उपाध्यक्षमा रोशनकुमार सिंह निर्विरोध निर्वाचित हुँदा सचिवामा निर्वाचन भएको थियो । चुनावबाट सचिवमा राष्ट्रिय क्रिकेटका पूर्व कप्तान पारस खड्का निर्वाचित भए । उनले प्रशान्तबिक्रम मल्ललाई पछि पारे । पारस खड्काले ४८ मत पाउँदा प्रशान्तविक्रम मल्लले ३७ मत पाएका थिए। कुल ८५ मत खसेको थियो ।

सबैभन्दा ठूलो कुरा घरेलु क्रिकेटको संरचना छ । म क्रिकेट टिमको कप्तान हुँदा पनि यो कुरामा धेरै प्रश्न गरेको थिएँ । नेपाल क्रिकेट संघको पदाधिकारी हुँदा मेरो एउटा मात्रै प्राथमिकता घरेलु क्रिकेटको संरचना, जिल्ला र प्रदेशलाई कसरी बलियो बनाउने ? भन्ने हुन्छ ।

**पारस खड्का**
**सचिव, नेपाल क्रिकेट संघ**



विस्तृत समाचार पृष्ठमा ७

# सुन तस्करी प्रकरण

# एमाले पछि हट्दा बनेन आयोग

**दलहरुका बीचमा भएको सहमतिलाई हुबहु आयोगको कार्यादेश बनाउने सत्तारुढ दलहरुको प्रस्तावमा असहमत भएर प्रमुख विपक्षी एमालेले छुट्टै प्रस्ताव अघि सारेपछि वातावरण बिथोलिएको नेताहरु बताउँछन्।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ असोज ।

सत्तारुढ दलहरु र प्रतिपक्षी दलहरुबीच सुन तस्करी प्रकरण छानबिन गर्न जाँचबुझ आयोग गठन गरी असोज ५ गतेदेखि काम सुरु गर्ने सहमति भएको थियो । हङकङबाट ब्रेक-सू बनाउँदै गत साउन-२ मा तस्करी भएको सुन राजस्व अनुसन्धान टोली एयरपोर्ट पार गरी बाहिरिएपछि पक्राउ परेको थियो । उक्त सुन तस्करी प्रकरण छानबिन गर्न एमालेले उच्चस्तरीय आयोगको माग गरेको थियो । उसैको मागका आधारमा आयोग बनाउने सहमति भएको थियो । तर आयोग गठन भएको छैन । कारण आयोग गठनमै राजनीतिक दलहरुले गरेको राजनीति ।

नेताहरुका अनुसार जाँचबुझ आयोग कार्यादेशको विषयमा दलहरुका बीचमा कुरा मिलेको छैन् । दलहरुका बीचमा भएको सहमतिलाई हुवहु आयोगको कार्यादेश बनाउने सत्तारुढ दलहरुको प्रस्तावमा असहमत भएर प्रमुख विपक्षी एमालेले छुट्टै प्रस्ताव अघि सारेपछि वातावरण विथोलिएको नेताहरु बताउँछन् ।

भदौ ६ गते दलहरुका बीचमा भएको सहमतिको पहिलो बुँदामा लेखिएको थियो, '२०८० साल श्रावण २ गते विदेशबाट अवैध ढंगले पैठारी (तस्करी) गरिएको सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिर लगिरहेको अवस्थामा राजश्व अनुसन्धान विभागबाट पक्राउ परेको थियो। उक्त विषय नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले अनुसन्धान, छानबिन गरिरहेको सर्वविदितै छ। केन्द्रीय अनुसन्धान ब्यूरोले निष्पक्ष अनुसन्धान, छानबिन गरी सुन तस्करीमा संलग्न व्यक्तिहरूलाई अभियोजन गर्नेछ ।'

दोस्रो बुँदामा 'विदेशबाट इलेक्ट्रिक सिगरेट भेपमा सुन राखी अवैध पैठारी (तस्करी) गरिएको, मिति २०८० श्रावण २ गते ब्रेक सुमा राखी अवैध पैठारी (तस्करी) गरिएको सुन लगायत पटक पटक सुन तस्करी भई मुलुक भित्र आइरहेको विषयलाई गम्भीरतापूर्वक लिई स्वतन्त्र र निष्पक्ष छानबिन गर्न र यस्तो तस्करीजन्य कार्यको पूर्ण रुपमा नियन्त्रण गर्न मौजुदा कानूनमा गर्नुपर्ने परिमार्जन, संरचनागत सुधार र पटक पटकको सुन तस्करी सम्बन्धमा भएका छानबिन अनुसन्धान बारे समेत अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम २०८०/०६/०५ गते नेपाल सरकारले आयोग गठन गरी त्यसै दिनदेखि आयोगले कार्य प्रारम्भ गर्नेछ ।' भन्ने उल्लेख छ ।

तर एमालेले सत्तारुढ दलहरुको प्रस्ताव अस्वीकार गर्दै फरक प्रस्ताव अगाडि सारेको छ । एमालेले शुक्रबार गृहमन्त्रीसँग भएको भेटमा आयोगको कार्यादेशको भाषा कस्तो हुने भनी पार्टीको प्रस्ताव नै बुझाएका छन् ।

जहाँ गत साउन २ गते र त्यसभन्दा अघि वा पछि विदेशवाट इलेक्ट्रिक सिगरेट र ब्रेक सुमा राखी वा अन्य तरिका अपनाई विभिन्न स्थानवाट गरिएको सुनको अवैध पैठारी (तस्करी)को प्रकृति, परिणाम, दायरा र सो कार्यमा संलग्न व्यक्तिहरुको सम्बन्धमा स्वतन्त्र एवं निष्पक्ष छानविन गर्ने कार्यादेश आयोगलाई दिने प्रस्ताव गरिएको छ। सुन तस्तरीमाथि स्वतन्त्र रुपमा अनुसन्धान गरेर कारवाहीका लागि सिफारिस गर्ने सम्मको अधिकार आयोगलाई दिनुपर्ने एमालेको प्रस्तावित कार्यादेशमा उल्लेख छ ।

साथै, मौजूदा कानुनमा गर्नुपर्ने परिमार्जन बारे सुझाव एवं सिफारिश गर्ने, विद्यमान सरचनाहरुमा गर्नुपर्ने संरचनागत सुधार

पृष्ठ २ मा





भदौ ६ गते जुन सहमति बनेको छ आयोगको कार्यादिशमा हुबहु राखेर जाऔं भन्यौं। एमाले अध्यक्ष केपी शर्मा ओली आफैंले हेरेर भएको सहमति अनुसार नगइ नयाँ अक्षर लेख्ने र नयाँ ढंगले जानुपर्ने अडानले वातावरण फरक बनेको छ।

**रमेश लेखक**
**प्रमुख सचेतक, कांग्रेस**



गर्छु भनेको काम गर्दैन भने सकारमाथिको यो भन्दा ठूलो अविश्वासनीयता अर्को हुनै सक्दैन।

**महेश बर्तौला**
**सचेतक, एमाले**

# वैदेशिक रोजगार विशेष



# मलेसियाले ३० हजार नयाँ विदेशी कामदारको एप्रुभल खुलाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ असोज

मलेसियाले विदेशी कामदारको चर्को अभाव झेल्नुपरेकोले नाई पसल, खुद्रा कपडा बिक्रेता र सुनचाँदी उद्योगमा तत्कालका लागि ३० हजार विदेशी कामदारको एप्रुभल खुलाउने भएको छ । त्यसमध्ये ७ हजार ५ सय विदेशी कामदार लैजाने निर्णय गत हप्ता भएको छ ।

फाट्टफुट्ट नेपाली कामदार जाने भएपनि यी क्षेत्रमा मुलतः भारतीय कामदारको वर्चस्व कायम छ। मलेसियाका मानव संशाधन मन्त्री वी शिवकुमारले प्रधानमन्त्री अनवर ईब्राहिमसँग यी पदहरूमा स्थानीय युवाहरूलाई तालिम दिने शर्तमा विदेशी कामदार भर्ना खोल्ने सहमति बनेको जानकारी दिएका छन् ।

नाई पसल, खुद्रा कपडा बिक्रेता र सुनचाँदी उद्योगले स्वदेशी कामदारलाई तालिम दिने शर्तमा नयाँ विदेशी कामदार लैजान पाउनेछन् । मलेसियामा नयाँ कामदारको एप्रुभल खुलाउने विषयमा निजी क्षेत्रको सरकारमाथि चर्को दबाब छ। मानव संशाधन मन्त्री वी शिवकुमारले विदेशी कामदारहरूको एप्रुभल पुनः खोल्ने विषय वर्तमान आवश्यकताहरूमा आधारित रहने भन्दै उल्लेखित तीन क्षेत्रमा विदेशी कामदार भर्ना नहुँदा पसल नै बन्द गर्नुपर्ने वा बन्द हुने अवस्थामा पुगेका कारण एप्रुभल दिएको बताए ।

मलेसियामा विदेशी कामदारको नयाँ एप्रुभलसँगै तलब वृद्धिको विषयमा पनि मजदुर युनियनको चर्को दबाब छ। मजदुर युनियनहरूले हालको बजार मूल्यअनुसार हाल कायम १५ सय रिंगेट कामदारको जीवनयापनका लागि न्यून रहेको भन्दै तलब वृद्धिको माग गर्दै आएका छन् ।

मलेसियामा तलब पुनरावलोकनका लागि गठित राष्ट्रिय श्रमिक परामर्श परिषद् गठन गरिएको छ। उक्त परिषद्ले प्रत्येक दुई वर्षमा एक पटक न्यूनतम ज्याला समीक्षा गरी सरकारलाई सिफारिस गर्ने गरेको छ । मन्त्री शिवकुमारले उपभोक्ता मूल्य सूचकांक

पृष्ठ २ मा

GENERAL CONSTRUCTION CO. L.L.C

# युएईमा वैदेशिक रोजगार

कम्पनी : GENERAL CONSTRUCTION CO LLC — शहरः UAE

पूर्व स्वीकृत मितिः २०८०/०६/०४ — चलानी नं.: ६०२०७९३२ — LT. No.: 292772

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT BLACKSMITH | 75 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Mason | 50 | 0 | | 1100 | ३९,६५५ | | | | | | | |
| 3. | Assistant Shuttering Carpenter | 50 | 0 | | 1100 | ३९,६५५ | | | | | | | |
| 4. | Black smith | 75 | 0 | | 1200 | ४३,२६० | | | | | | | |
| 5. | Block/Plaster Masons | 50 | 0 | | 1200 | ४३,२६० | | | | | | | |
| 6. | General helper/labourer | 50 | 0 | | 1050 | ३७,८५३ | | | | | | | |
| 7. | Shuttering carpenters | 50 | 0 | | 1200 | ४३,२६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज १६ गते (3 October 2023) मा हुनेछ ।
अन्तर्वार्ता अञ्जली तालिम केन्द्र, इटहरी, सुनसरीमा २०८० असोज १७ गते (4 October 2023) मा हुनेछ ।
अन्तर्वार्ता होटल रेड कार्पेट, भरतपुर, चितवनमा २०८० असोज १८ गते (5 October 2023) मा हुनेछ ।
अन्तर्वार्ता जनकपुर, धनुषामा २०८० असोज १९ गते (6 October 2023) मा हुनेछ ।
प्रि-अन्तर्वार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ९५३/०६७/०६८

## Perfect Recruiting Service Pvt. Ltd.
Prayas Nagar, Tokha-7, Kathmandu, Nepal
Tel : 014950764, 014987640 , Fax : Email: info.perfectrecruiting@gmail.com
www.perfectrecruiting.com.np. Mobile: 9851026518 | 9802071039 | 9803120209 | 9803632493 | 9851049773 | 9866243332 | Ithari : 9702434821 | 9702434822
Jhapa : 9801423929 | Chitwan : 9807144970 | Butwal : 9847200753

मध्यान्ह
www.madhyanhadaily.com
७ असोज २०८०, आइतबार
24 September 2023, Sunday

# 'एचपिभी' खोप अभियान असोज १० गतेसम्म

**काठमाडौं/मस–** किशोरीलाई लगाइने पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप 'एचपिभी' अभियानको समय थप गरिएको छ ।

यही असोज ५ गतेसम्म सञ्चालन गर्ने भनिएको खोप अभियान पाँच दिन थप गरी असोज १० गतेसम्म सञ्चालन हुने भएको हो ।

स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा.अभियान गौतमले शैक्षिक हडताल, संविधान दिवसलगायत कारणले लगातार बिदा परेकाले खोप लगाउने समय थप गरिएको जानकारी दिए ।

उनका अनुसार यसअघि पनि बिदा परेकाले विद्यार्थी खोप लगाउन नआएपछि पाँच दिन थप गरिएको थियो । तीज, संविधान दिवस र शैक्षिक हडतालले खोप लगाउने कार्य प्रभावित भएको उनको भनाइ थियो ।

डा.गौतमका अनुसार अहिलेसम्म ६४.४३ किशोरीले मात्र एचपिभी खोप लगाएका छन् । सरकारले पाठेघरको मुखमा हुने क्यान्सर विरुद्धको खोप 'एचपिभी' नौ हजार नौ सय ९९ किशोरीलाई लगाउने लक्ष्य राखेकामा



अहिलेसम्म छ हजार चार सय ४२ किशोरीले खोप लगाइसकेका उनले जानकारी दिए ।

कोशी प्रदेशका सबै किशोरीले खोप लगाइसकेका छन भने मधेस प्रदेशको वीरगञ्जस्थित नारायणी अस्पतालमा एक हजार दुई सय ७२, बागमती प्रदेशको परोपकार प्रसुति तथा स्त्री रोग अस्पतालमा आठ सय २५, गण्डकी प्रदेशको गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आठ सय ५९, लुम्बिनी प्रदेशको भेरी अस्पताल बाँकेमा चार सय ८९, कर्णाली प्रदेशको प्रादेशिक अस्पताल सुर्खेत सात सय ८५ र सुदूरपश्चिम प्रदेशको डडेल्धुरा अस्पतालमामा एक सय ९३ जना किशोरीले एचपिभी खोप लगाइसकेका खोप शाखाका प्रमुख डा.गौतमले जानकारी दिए ।

उनका अनुसार सबभन्दा कम प्रसूति अस्पतालमा २७ प्रतिशत किशोरीले मात्र खोप लगाएका छन् ।

यही भदौ २७ गते सात प्रदेशका सातवटै अस्पतालबाट १४ वर्ष उमेर पूरा भई १५ वर्ष नकटेका किशोरीलाई पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउनका लागि एचपिभी खोप 'डेमोस्ट्रेसन'का रुपमा सञ्चालन गरिएको छ । खोपको पहिलो मात्रा अहिले दिइने र छ महिनापछि दोस्रो मात्रा दिइनेछ ।

एचपिभी खोप दुई मात्रा लगाए पाठेघरको मुखमा हुने क्यान्सरको सङ्क्रमणबाट ९५ प्रतिशत सुरक्षा प्रदान गर्ने डा.गौतमले बताए ।

यसअघि सरकारले सन् २०१६/१७ मा पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप नमूनाका रुपमा चितवन र कास्कीमा सञ्चालन गरेको थियो ।

# तमु प्ये ल्हु संघ कतार शाखाको अध्यक्षमा पुनः चन्द्र ल्हेगे तमु निर्विरोध

**मध्यान्ह संवाददाता**
दोहा कतार, ६ असोज

कतारमा सन् २०१४ मा स्थापना गरिएको तमु प्ये ल्हु संघ कतार शाखाको ९ औं स्थापना दिवस तथा चौथो अधिवेशन सम्पन्न भएको छ । एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्टको प्रमुख आतिथ्यता तथा संघ कतार शाखाका अध्यक्ष चन्द्र ल्हेगे तमुको सभापतित्वमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट आगामी एक कार्यकालका लागि पुनः चन्द्र ल्हेगे तमुको नेतृत्वमा नयाँ कार्यसमिति निर्विरोध चयन भएको छ ।

संघको प्रथम उपाध्यक्षमा क्षेत्र बहादुर थिम्जे तमु (शिवि), उपाध्यक्षद्धय राम बहादुर ल्हेगे तमु र पृतम ल्हेगे तमु, सचिव फलेन्द्र थिम्जे तमु, सह-सचिव ओम क्याप्छे तमु, कोषाध्यक्ष टेक बहादुर खक्यु तमु र सह-कोषाध्यक्ष अन्जिव योज्मे तमु रहेका छन् । त्यस्तै कार्यसमितिका सदस्यहरूमा दुर्गा क्रोम्छे तमुस्यो, पवन प्हच्यु तमु, कृष्ण ल्हेगे तमु, श्याम थिम्जे तमु, राजु ल्हेगे तमु, विकास क्रोम्छे तमु, रिवाज प्ल्हे तमु, कान्छा लेम तमु, दिपा लेम तमु, धनमाया क्रोम्छे तमु, तारा क्रोम्छे तमु, जित प्हच्यु तमु, होम ल्हो तमु, मुस्कान कोके तमु, रवीन्द्र प्ल्हच्यु तमु रहेका छन् ।

२७ जनाको कार्य समिति रहने विधानत् व्यवस्था अनुरूप समितिमा थप सदस्यहरू आगामी कार्यसमितिको बैठकबाट मनोनीत गरिने छ ।

नवनिर्वाचित कार्यसमिति लाई पच्यु चिवा(पुरोहित) अशोक सरब्ज गुरुङले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

संघका प्रमुख संरक्षक, कार्यक्रमका सभापति, प्रमुख अतिथि, पच्यु र क्लहेप्रीलाई फेटाद्वारा सम्मान गरिएको थियो । राष्ट्रिय गान तथा तमु ह्युला र प्ये ल्हु संघ गीत तथा संघका प्रथम उपाध्यक्ष केशु ल्हेगे तमु स्वागत मन्तव्य सहित अगाडि बढेको कार्यक्रमको खुल्ला सत्रमा प्रचारप्रसार समिति संयोजक ओम क्यप्छे तमुले कार्यप्रगती पेस गरेका थिए । अधिवेशनमार्फत संघसँग संस्थागत सहकार्य गरेका संघसंस्था, कार्यसमितिका विभिन्न ओहोदाका पदाधिकारीहरू, सामाजिक व्यक्तित्वहरू, एनसीसी कतारका अध्यक्षसहित पत्रकार सम्मानित भएका थिए ।



अधिवेशनमा शिवराज गुरुङ, कृष्ण गुरुङ, शिवराज तमु, रिवाज तमु, दुर्गा तमुस्यो, अनिता तामाङ, हुमा देवी तमुस्यो, शर्बजित तमु, धन माया तमुस्योले नृत्य पेस गरेका थिए । त्यस्तै धीरजंग तमु, सी.बि. तमु, पवन तमु, सुजन तमु, अशोक तमु र शिवराम ढकालले गायनबाट उपस्थितलाई नचाए । अमृत परियार (मादल) ख्याम प्रसाद भट्टराई (बाँसुरी) र राजन परियार (सारंगी) बजाउँदै बाध्यबाधनबाट साथ दिएका थिए । कतारको अलत्तियामा फूलबारी रेस्टुरेन्टको हलमा शुक्रबार सम्पन्न अधिवेशनमा तमुहरूका अलावा विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिको उपस्थिति सहित शुभकामना सहित मन्तव्य रहेको थियो । तमु (गुरुङ) समाज कतारले कार्यक्रमका सभापतिलाई तमु संस्कार अनुसार क्रेकी (सम्मान) गर्दै उपहार स्वरूप कोसेली प्रदान गरेका थिए ।

कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि भट्टले कतारका तमुसङ एनसीसी कतारको घनिष्ठ सम्बन्ध रहेको बताउँदै सम्मानका लागि धन्यवाद ज्ञापन गरे । सचिव फलेन्द्र तमुले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति ल्हेगे तमुले आफ्नो कार्यकाल सफल बनाउन सहयोग गर्ने सबै प्रति आभार सहित धन्यवाद ज्ञापन गरेका थिए । तमु (गुरुङ) जातिको आफ्नो मौलिक भेष-भूषा, भाषा, संस्कार, संस्कृति पहिचान एवं तमु प्ये ताँ ल्हु ताँ को संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन विकासको निम्ति स्थापित तमु प्ये ल्हु संघ केन्द्रीय कार्यसमिति पोखराको मातहतमा प्रवास शाखाका रूपमा कतारमा संघको गठन भएको हो ।

उपाध्यक्ष अफसर अलि खानको स्वागत मन्तव्य रहेको कार्यक्रमलाई सचिव बिनेश तामाङले सहजीकरण गरेको थिए । कार्यक्रमको समापन गर्दै सभापति त्रिपाठीले संगठनमा प्रवेश गरेकाहरूलाई स्वागत गर्दै आजको माहौलले नेकपा एमालेको लोकप्रियता जनता समक्ष प्रमाणित गरेको बताए । एमाले मधेशमा अलोकप्रिय छ भन्ने भ्रमलाई भ्रम सावित गरिदिएको बताउँदै मञ्च कतार परिवार नेपाली श्रमिकका हक हितमा अझै दत्तचित्त भएर लाग्ने प्रतिबद्धता व्यक्त गरे ।

## मध्यान्हकर्मी पौडेल सम्मानित

लामो समयदेखि प्रवासमा रहेर पत्रकारिता गर्दै आएका मध्यान्हकर्मी तिलु शर्मा पौडेल सम्मानित भएका छन् ।

तमु प्ये ल्हु संघ कतार शाखाको ९औं स्थापना दिवस तथा चौथो अधिवेशनमा प्रवासमा रहेर पत्रकारितामार्फत योगदान पुऱ्याएको भन्दै पौडेललाई नगदसहित फेटा र कदर पत्रले सम्मान गरिएको हो ।

पत्रकार पौडेलले सम्मान गर्ने तमु प्ये ल्हु संघ




कतारका संस्थापकदेखि वर्तमान कार्यसमितिप्रति आभार व्यक्त गरेका छन् । भविष्यमा पनि संघका सामाजिक गतिविधिमा कलम चलाउने प्रतिबद्धता व्यक्त गर्दै उनले निरन्तर साथ सहयोगको अपेक्षासमेत राखेका छन् ।

# 'मुस्लिमहरुको साझा प्लेटफर्म बनाउने सोचमा छौं'

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ६ असोज

राष्ट्रिय मुस्लिम संघर्ष गठबन्धनका पूर्व प्रवक्ता शाहीद अलीले गठबन्धनलाई पुनः ब्यूँताउने सोच रहेको बताएका छन् ।

उनले मुस्लिम समुदाय एक भएर जाँदा उपलब्धी हासिल गरिने बताए । सामाजिक सञ्जालमा लेख्दै उनले भनेका छन्, 'संविधानबाट मुस्लिम समुदायले इतिहासमा पहिलोपटक राष्ट्रिय पहिचान प्राप्त गऱ्यो । संवैधानिक अंगको रूपमा मुस्लिम आयोग प्राप्त भयो । निर्वाचनदेखि सामाजिक न्यायमा मुस्लिमले समानुपातिक हक प्राप्त गर्ने आधार बन्यो । अरू पनि धेरै मुस्लिम अधिकारहरू प्राप्त भए वा प्राप्त हुने प्रकियामा छन् । ढिलो-चाँडो प्राप्त हुने कुरामा विश्वस्त हुन सकिन्छ ।'

उनले मुस्लिम आयोगका अध्यक्ष शमीम मियाँ अन्सारी पनि आयोगमा मुस्लिम समुदायको बलमा आएको बताए । यसलाई कसैले हटाएर हट्ने छैन ।

अलीले लेखेका छन्, 'यसका पछाडि मुस्लिम समुदायको आफ्नै मेहनतले काम गरेको छ । यसको मुख्य कारक बन्यो राष्ट्रिय मुस्लिम संघर्ष गठबन्धनले देशव्यापी रूपमा छेडेको त्यो गौरवमय आन्दोलन जसले दुईजना मुस्लिम युवाको शहादत पनि दियो ।'

अलीले राष्ट्रिय मुस्लिम संघर्ष गठबन्धनको आन्दोलनलाई आज पनि देशभर नेपाली मुस्लिम समुदायको स्वर्णीम काल र इतिहासको रूपमा लिने गरिएको बताएका छन् ।

अलीले लेखेका छन्, 'त्यस महान् मुस्लिम आन्दोलनको परिकल्पनाकार हामी दुईजना युवा सारथी थियौं, जाकिर हुसैन (सुनसरी) र शाहिद अली (स्याङ्जा) ।'

उनले यसको शुरुवात आफ्नौ होटलबाट नै भएको स्मरण गराउँदै आफूले




आर्थिक सहयोग जुटाउने प्रतिबद्धता जाहेर गरेपछि आन्दोलन अघि बढेको बताएका छन् ।

'देशभरका मुस्लिम नेता, बुद्धिजीवि, अधिकारकर्मी, संघसंस्था, ओलमा, विद्यार्थीहरूको साथ, सहयोग, सहभागिता र गठबन्धन नेतृत्वको दुरदर्शी नीतिले संविधानतः मुस्लिम समुदाय एक मुख्य क्लष्टरको रूपमा स्थापित भएर गयो । हामीले देशमा शिर ठाडो पार्न सक्यौं', उनले भनेका छन् ।

स्याङ्जाका शाहीद अली नेपाली कांग्रेसका मुस्लिम युवा नेता हुन् । उनी नेका भातृसंगठन मुस्लिम संघका सचिव हुँदै संघको साधारण सदस्य समेत नरहने गरी ६-७ वर्षदेखि कारबाहीमा परेका छन् ।

मध्यान्हसँगको कुराकानीमा उनले के कति कारणले र कहिलेसम्मको लागि कारबाहीमा परेको भनि लिखित उजुरी दिँदा पनि कुनै सुनवाइ न भएको र आफूलाई बहिष्करणमा पारिएको गुनासो पोखे ।

यस्तै उनले सामाजिक सञ्जालमा पनि लेखेका छन्, 'कुनै व्यक्ति विशेषको दबावमा शहीद अलीमाथिको दमन र बहिष्करणबाट शहीद दब्दैन र मैदान छोडेर कदापि भाग्दैन । बिना कारण कहिलेसम्म कारबाही गरेर दबाउँछौं ? शिर झुकाउँदैन शहीद अली शिर ठाडो पारेर हिँड्छ । समय आउँछ जब सबैको आँखा खुल्छ । समय बलवान् हुन्छ, याद राखेस् ।'

सोमबारबाट काठमाडौंमा मुस्लिम संघको राष्ट्रिय महाधिवेशनको पूर्व सन्ध्यामा संघको कारबाहीमा परेका शाहीद अलीले सामाजिक सञ्जालमा कडा स्टाटस लेख्नुलाई मुस्लिम बुद्धिजीविहरूले अर्थपूर्ण रूपमा लिएका छन् ।

शाहीद अलीको स्टाटसमा मुस्लिम गठबन्धनका संस्थापक महासचिव तथा पूर्वमन्त्री जाकिर हुसैनले पनि गम्भीर टिप्पणी गर्दै भनेका छन्, 'हो, गठबन्धन हामी दुईजनाले परिकल्पना गरेर सबैलाई जोड्यौं । गठबन्धनको आन्दोलनमा देशभरका मुस्लिम नेता र ओलमाहरूको अतुलनीय योगदान रह्यो । अझ रिजवान अन्सारीको नाम नै लिनुपर्ने हुन्छ । नेपालमा मुस्लिमहरूको एउटा स्थायी सेमी पोलिटिकल प्लेटफर्म हुनु जरुरी छ । गठबन्धनको राजनीतिक लाइन र भाष्य निर्माणमा मेरो खुन-पसिना बगेको छ । वर्षौंसम्म गठबन्धनको लागि मरिमेटेका थियौं हामीहरू । धेरैजनाको भूमिका थियो । तर, केही व्यक्तिहरूको स्वार्थ र असहयोगले गठबन्धन सुस्ताएर गयो । धेरै प्रयास गरेका थियौं ब्युताउन तर हामी हाऱ्यौं । शाहीद जीले भनेझैं फेरि जाग्छ मुस्लिम समुदाय, साझा प्लेटफर्म बन्छ । केही दिनअघि एकीकृत समाजवादीका नेता ताज मोहम्मद जीले पनि उद्घोष गर्नुभएको छ ।' मध्यान्हसँगको कुराकानीमा उनले भने, 'शाहीदमाथि निराधार आरोप लागेको छ र अन्यायमा पर्नुभएको छ । शाहीद जीले हाम्रो प्रस्तावलाई बेवास्ता नगरेको भए अहिलेसम्ममा राज्यको कुनै ठूलै ओहदा पाइसक्नुहुन्थ्यो । हामीले उहाँलाई नेकाको सच्चा सिपाहीको रूपमा लिएका छौं । तर, त्यो उहाँहरूको आन्तरिक मामला हो ।'

### सुन...

र परिमार्जनबारे सुझाव एवं सिफारिस गर्ने अधिकार दिने एमाले प्रस्ताव छ । अवैध सुन पैठारी तस्करीबारे हालसम्म भएका छानविन अनुसन्धानबारे समेत अध्ययन गरि सुझाव एवं सिफारिस गर्ने कार्यादेश जाँचबुझ आयोगलाई दिनुपर्ने प्रस्ताव एमालेको छ ।

सत्तारुढ दलका नेताहरुका अनुसार सरकारले १२ दिन अगाडि एमाले उपाध्यक्ष विष्णु पौडेल र प्रमुख सचेतक पदम गिरीलाई आयोगको कार्यादेशको ड्राफट दिइएको थियो । शुक्रबार एमालेले सरकारले दिएको ड्राफ्टमा सहमति जनाएर फरक प्रस्ताव गरेको हो ।

'हामीले भदौ ६ गते जुन सहमति बनेको छ हुवहु राखेर जाऔं भन्यौं' कांग्रेसका प्रमुख सचेतक रमेश लेखक भन्छन्, 'एमाले अध्यक्ष केपी शर्मा ओली आफैंले हेरेर भएको सहमति अनुसार नगइ नयाँ अक्षर लेख्ने र नयाँ ढंगले जानुपर्ने अडानले वातावरण फरक बनेको छ ।'

नयाँ ढंगले जाने एमालेको प्रस्तावपछि अन्य दलहरुले पनि नयाँ ढंगले नै जाने प्रस्ताव गर्न सक्ने र आयोग गठन गर्ने निर्णय कार्यान्वयन नहुने अवस्था आउने उल्लेख गर्दै नेता लेखक एमाले पूर्वसहमतिबाट पछाडि हटेर आयोग नै नबनाउने वातावरण बनाउन लागि परेको उनको आरोप छ । 'एमाले पूर्व सहमतिबाट पछाडि फर्किन्छ भने अर्को दल पनि फर्किन सक्छ नि' उनले भने ।

कांग्रेस र माओवादीका नेताहरु आयोगमा को को रहन्छन्, कति सदस्य रहन्छन भनी एमालेले चासो राखिरहेको उल्लेख गर्दै सके आयोग गठन नगर्ने र नसके आफूले भनेका व्यक्तिहरु आयोगमा रहोस् भन्ने चाहनामा एमाले रहेको बताउँछन् ।

अर्थमन्त्री र गृहमन्त्री समेत सुन तस्करीमा संलग्न रहेको आरोप लगाउँदै आएको एमालेले त्यस अनुसारको भाषा कार्यादेशमा राख्ने प्रस्ताव गरेपछि सत्तारुढ दलहरु झस्किएका हुन् ।

माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे एमालेले यसअघि भएको सहमतिभन्दा फरक शर्त राखेकाले आयोग गठन ढिलाइ भएको बताउँछन् । उनले कार्यादेशमा कुरा नमिलेको बताए । उनले कार्यादेशमा कुरा नमिलेपछि आयोग गठन नभएको बताए ।

एमालेका सचेतक महेश बर्तौला सरकार सहमति कार्यान्वयनमा चुकिसकेको बताउँछन् । सरकारले केही दिनअघि नै आयोग बनाएर असोज ५ गतेदेखि काम थाल्नुपर्नेमा त्यसो नगरेको उनको भनाइ छ ।

'गर्छु भनेको काम गर्दैन भने सकारमाथिको यो भन्दा ठूलो अविश्वासनीयता अर्को हुनै सक्दैन' बर्तौलाले भने ।

### चीनको...

विकासमा खुल्ला दिलले सहकार्य र सहयोग गर्न चीन तयार रहेको सन्देश दिएका प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

राष्ट्रपति सीले शान्तिपूर्ण सहअस्तिस्वको पाँच सिद्धान्तका आधारमा नेपाल र चीनले आपसी सम्मान, समर्थन र समान अस्तित्वका साथ ठूलो र सानो देशको कुनै भेदभावविना समानसहअस्तित्वका साथ अत्यन्तै नजिकको सम्बन्ध अघि बढाएको स्मरण गर्दै आगामी दिनमा दुई देशबीचको सम्बन्ध थप उचाइमा पुग्ने बताएका थिए ।

प्रधानमन्त्री प्रचण्डले चीन र नेपालबीच विगत लामो समयदेखिको ऐतिहासिक सम्बन्धको चर्चा गर्दै अहिलेको परिस्थितिमा सीले अघि सारेका नवीनतम अवधारणा यस क्षेत्रको शान्ति र प्रगतिका लागि महत्वपूर्ण रहेको बताएका थिए ।

उनले नेपालले एक चीन नीतिप्रतिको प्रतिवद्धता व्यवहारबाटै पुष्टि गरेको बताउँदै नेपालले स्वतन्त्र र असंलग्न परराष्ट नीति अंगीकार गरेको र यो वा त्यो नामका कुनै पनि सैन्य रणनीतिक योजनामा सामेल हुन नसक्ने धारणा राखेका परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ ।

प्रधानमन्त्री प्रचण्डले चीनले अघि सारेको वेल्ट एण्ड रोड अवधारणाले नेपालको पूर्वाधार विकासमा महत्वपूर्ण परिवर्तन ल्याउन सक्ने भएकाले यसअघि नै नेपालले उक्त अवधारणामा सहमति जनाइसकेको स्मरण गरेका थिए ।

राष्ट्रपति सीले प्रधानमन्त्री प्रचण्डसँगका यसअघिका भेटहरुको चर्चा गर्दै आफू राष्ट्रपति हुनासाथ दक्षिण एशियाबाट पहिलो नेताका रुपमा चीनमा स्वागत गरेको स्मरण गरे । उनले यस किसिमका छलफलले दुई देशबीचका सम्बन्ध र विश्वासलाई अझ सुदृढ गर्ने बताएका थिए ।

### मलेसियाले...

(सीपीआई), गरिबीको रेखा आम्दानी, रोजगारदाताको श्रमिकलाई पारिश्रमिक तिर्ने क्षमता, श्रम उत्पादकत्व दर, बेरोजगारी दरजस्ता सामाजिक-आर्थिक सूचकहरूलाई आधार बनाएर नयाँ तलब तोकिने जानकारी दिए । मलेसियामा कामदारको तलबमा वृद्धि भए त्यसबाट ठूलो संख्यामा रहेका नेपाली कामदार लाभान्वित भइ नेपाल अर्थतन्त्रमा टेवा पुऱ्याउनेछ ।

# मानव अधिकार तथा शान्ति समाज बाँकेको २०औं साधारण सभा सम्पन्न

**पवन जायसवाल/मध्यान्ह**
बाँके, ६ असोज

मानव अधिकार तथा शान्ति समाज जिल्ला शाखा बाँकेको २० औं साधारण सभा शनिबार नेपालगन्जमा सम्पन्न भएको छ ।

नेपालगन्ज उद्योग वाणिज्य संघको सभाहलमा भएको कार्यक्रममा समाजका प्रेम कुमार शर्माको सभापतित्व, केन्द्रीय सचिव निर्मल नेपालीको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा समाजका कार्य समिति सदस्य यशोदा नेपालीले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् ।

मानव अधिकार तथा शान्ति समाजका केन्द्रीय सचिव तथा प्रमुख अतिथि निर्मल नेपाली विशिष्ट अतिथि डा.प्रा. जनार्दन शर्मा, बिष्णु श्रेष्ठले संयुक्त रुपमा मैनबत्ती बालेर कार्यक्रमको उद्घाटन गरेका थिए ।

प्रमुख अतिथि नेपालीले उद्घाटन गर्दै भने, 'हामीले कसैसँग चन्दा मागेर कार्यक्रमहरु गर्दैनौं । स्वयं समाजका साधारण सदस्य र आजीवन सदस्य र शुभचिन्तकहरुबाट संकलन गरेको पैसाबाट राष्ट्रव्यापी कार्यक्रमहरु चलाइ रहेका छौं । भष्टाचार, मानव तस्कर लगायतका विरोध कार्यक्रम, आन्दोलनहरु हामी गोला बारुद, बन्दुकबाट गर्दैनौं । हामी बुलन्द आवाजबाट विरोध कार्यक्रमहरु गर्ने गर्दछौं । संयुक्त राष्ट्र संघको मानार्थ सदस्य समेत मानव अधिकार तथा शान्ति समाज हो ।'

सो कार्यक्रममा समाजका सभापति प्रेम कुमार शर्माले सचिवको प्रगति प्रतिवेदन



प्रस्तुत गरेका थिए भने सचिव घनश्याम बैश्यले एक लाख बढीको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

डा.प्रा. जनार्दन आचार्य, समाजका केन्द्रीय सदस्य ज्योति बाल्मिकी, समाजका पूर्व सभापति तथा अधिवक्ता पवन कुमार गुप्ता, नेपालगन्ज उद्योग वाणिज्य संघका प्रतिनिधि बिष्णु श्रेष्ठ, राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रादेशिक कार्यालय प्रमुख द्वारिका अधिकारी लगातयले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा समाजका दुई जना आजीवन सदस्य कृष्ण बहादुर थापा र हेम चन्द श्रेष्ठलाई खादा ओढाएर सम्मान गरिएको थियो । अहिलेसम्म ९ जना आजीवन सदस्यहरु रहेका छन् । कार्यक्रममा समाजका पूर्व सभापति कृष्णा देवी पाण्डेयले संस्था र कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेकी थिइन् ।

कार्यक्रममा समाज सभापति प्रेम कुमार शर्मा र केन्द्रीय सदस्य ज्योति बाल्मिकीले कार्यक्रमका प्रमुख अतिथि तथा केन्द्रिय सचिव निर्मल नेपालीलाई खादा ओढाएर मायाको चिनो प्रदान गरेका थिए ।

समाजका दीप पन्थी सहजीकरण गरेको कार्यक्रममा शिक्षाविद् किरण आचार्य, जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी निरीक्षक सुजन बाबु विश्वकर्मा, कृष्ण बहादुर यादव, पूर्व सभापति बिष्णुलाल कुम्हार, लेखापढी व्यवसायी संघ बाँकेका अध्यक्ष जगदम्बा पाठक, जगदीश प्रसाद दुवेदी, सविता चन्द, समाजका कार्य समिति गोमा आचार्य, लक्ष्मी शर्मा, राजेश सोनी, सन्दिप कश्यप, प्रकाश नेपाली, केवल कुमार बैश्य लगायतको उपस्थिति रहेको थियो ।

# २०४६ सालपछि मिडिया क्षेत्रमा ठूलो उपलब्धि : राष्ट्रपति

## ६४ जना पत्रकार पुरस्कृत



**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले २०४६ सालपछि नेपालमा मिडियाको क्षेत्रमा ठूलो काम भएको बताएका छन् । शनिबार प्रेस काउन्सिल नेपालको ५४औं वार्षिकोत्सव तथा पत्रकारिता पुरस्कार वितरण समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले पछिल्लो २ दशकमा मुलुकले पत्रकारिताको क्षेत्रमा ठूलो फड्को मारेको र यो उपलब्धिपूर्ण रहेको उल्लेख गरे ।

पञ्चायतकालमा आफूले पनि पत्रकारिता गरेको स्मरण गर्दै राष्ट्रपति पौडेलले कुनै पनि देशको प्रेस स्वतन्त्रताको अवस्थाबाट नै देशको समृद्धिको अवस्था थाहा पाउन सकिने बताए । निष्पक्ष, स्वतन्त्र र सबल प्रेसले मात्रै लोकतन्त्रलाई मजबुत बनाउने विश्वास व्यक्त गर्दै उनले प्रेस स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि कतैबाट प्रश्न उठ्न नदिन काउन्सिलले निष्पक्ष र स्वतन्त्र रहँदै सिर्जनात्मक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा सञ्चारमन्त्री रेखा शर्माले काउन्सिलको भूमिकालाई प्रशासनिक कार्यमा भन्दा पत्रकारिता क्षेत्रकै नियमन र पत्रकारको स्वनियमन तथा आचारसंहिताको प्रभावकारी कार्यान्वयनमा केन्द्रित गर्न जरुरी रहेको बताइन् ।

काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले आर्थिक संकटका बीचमा पनि नेपाली मिडियाले दायित्व नभुलेको बताए । उनले तमाम संकटका बीचमा नेपाली मिडियाले देशको हितमा जनताको पक्षमा र समृद्धिको पक्षमा काम गरेको भन्दै मिडियाको संरक्षण राज्यको दायित्व भएको उल्लेख गरे ।

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेलले प्रेससम्बन्धी कानून निर्माणको कार्य फास्ट ट्र्याकबाट गराउन सरकारको ध्यानाकर्षण गराए ।

काउन्सिलले वार्षिकोत्सवको अवसरमा वरिष्ठ पत्रकारहरू, काउन्सिलका पूर्व पदाधिकारी र सदस्यसचिवहरूलाई सम्मानसमेत गरेको छ । साथै विभिन्न विधामा ६४ वटा पुरस्कार वितरण गरेको छ ।

कार्यक्रममा राष्ट्रपति पौडेलले राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झासहित पत्रकारहरु कृष्ण अधिकारी, विजय चालिसे, कुलचन्द्र वाग्ले, गगन विष्ट, राजन कार्की, नरेन्द्रजङ्ग पिटर, राजु सिलवाल, रमेश तुफान, मनमोहन स्वाँर, रविन्द्र घिमिरे, केदार भट्टराई, मोती पौडेल, रमेश पौडेल, उदय जिएम र राजकुमार कार्कीलाई सम्मान गरे ।

यो वर्षको प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार पत्रकार निर्मला शर्मालाई तथा प्रेस काउन्सिल सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कार पत्रकार दमन राईलाई प्रदान गरिएको छ ।

कार्यक्रममा सञ्चारमन्त्री शर्माले प्रेस काउन्सिल सशक्त सञ्चारकर्मी पुरस्कार पत्रकारद्वय सागर पण्डित र चूँडामणि भट्टराईलाई तथा प्रेस काउन्सिल आचारसंहिता पुरस्कार चेष्टा साप्ताहिक, राममणि दाहाल र माधवसिंह धामीलाई प्रदान गरिन् ।

प्रेस काउन्सिल क्रियाशील पत्रकारिता पुरस्कार १६ जना पत्रकारलाई दिइएको छ । पत्रकारहरू विमल ज्ञवाली, जीवन भण्डारी, शंकर रोक्का, श्यामदत्त भट्ट, रामकला खड्का, ताराचन्द्र देवकोटा, भीष्मराज ओझा, माधव बस्नेत, रामकृष्ण अधिकारी, चाँदनी आचार्य, दामोदर न्यौपाने, मणिराज (मोहन) बाँस्तोला, रमेश गिरी, रमेश शाही, प्रेमकुमार आचार्य र वीरेन्द्र रमणले प्राप्त गरेका छन् ।

सरकारका प्रवक्ता शर्माले पाण्डव शर्मा, मिन ठकुरी, वीरेन्द्र केसी, सञ्जीव घिमिरे, कृष्ण ओली, दीपा रेग्मी, मदन कोइराला, सुवास पण्डित, युवराज खड्का, नरेन्द्रसिंह कार्की, अमृतप्रसाद पौडेल, विनोदकुमार मल्ल, भानुभक्त निरौला, हरि भण्डारी, विजय रावत, जगदिश्वर पाण्डे, राजु लामिछाने, इन्द्र विवस डिसी र ओमकार आचार्यलाई प्रेस काउन्सिल युवा पत्रकारिता प्रदान गरिन् ।

प्रेस काउन्सिल महिला सशक्तीकरण पत्रकारिता पुरस्कार पत्रकार पवित्रा सुनार, भवानी अधिकारी, तारा चापागाईं, दुर्गा आचार्य, रुपा घिमिरे र गगनशीला खड्कालाई दिइएको छ । प्रेस काउन्सिल समावेशी पत्रकारिता पुरस्कार सन्तोष सिंह, मनकुमार गदाल, शर्मिला बुढाथोकी, रितेश त्रिपाठी, रजनी योगी, विनोद परियार, फिरोज सिद्दिकीले प्राप्त गरेका छन् ।

प्रेस काउन्सिल विधागत पत्रकारिता पुरस्कार केशव थोकर र नेमिश गौतमलाई दिइएको छ । प्रेस काउन्सिल साहित्यिक पुरस्कार हिमाल गुराँस द्वैमासिकका खिमानन्द पोखरेलले पाएका छन् भने प्रेस काउन्सिल भाषागत पत्रकारिता पुरस्कार मैथली भाषाका आँजुर द्वैमासिकका सम्पादक रामभरोष काँपडीलाई प्रदान गरिएको छ ।

यस्तै यस वर्षको प्रेस काउन्सिल नेपाल उत्कृष्ट कर्मचारी पुरस्कार शाखा अधिकृत विष्णु शर्मा लम्साल र मिडिया अनुगमनकर्ता प्रेमचन्द्र बडुलाई प्रदान गरिएको छ । यस्तै कर्मचारी प्रोत्साहन पुरस्कार वरिष्ठ प्रशासन सहायक लक्ष्मी पौडेल र कार्यालय सहयोगी मनोजकुमार मण्डललाई दिइएको छ । २० वर्ष सेवाअवधि पूरा गरेको अवसरमा यस वर्षको दीर्घसेवा पदकबाट कुचीकार रमा द्योलालाई सम्मानित गरिएको छ ।

# संविधान दिवसलाई कालो दिन मनाउनेहरू नै पदमा जान लालायित बनेः पूर्वमन्त्री अरगरिया

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ६ असोज



प्रवासी नेपाली मञ्च कतारले सनैयास्थित लाली गुराँस होटेलको सभा हलमा संगठन प्रवेश तथा स्वागत कार्यक्रम सम्पन्न गरेको छ । मञ्च कतारका अध्यक्ष प्रभात त्रिपाठीको अध्यक्षता तथा मधेश प्रदेशका चर्चित एवं लोकप्रिय नेता तथा पूर्व पर्यटन मन्त्री, नेकपा एमालेका केन्द्रीय सदस्य उमा शंकर अरगरियाको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीका उपसचिव चानक पोखरेल, तथा प्रवासी नेपाली मञ्च मध्य पूर्व इन्चार्ज कमलमणि गुरागाईंको विशेष आतिथ्यता रहेको थियो ।

करिब तीन सय जना भन्दाबढी व्यक्तिहरू मञ्चमा प्रवेश गरेका थिए । प्रवासीहरूको तर्फबाट सम्बोधन गर्दै पत्रकार तथा साहित्यकार कसीम राइनले मञ्चको छातामुनि गोलबन्द हुन पाउनु हाम्रो अहोभाग्य रहेको बताए ।

उनले नव प्रवासीहरूलाई संगठनले गरेका कार्यहरू हेर्दा सबैको छाती गर्वले प्रफुल्ल बन्ने विचार व्यक्त गरे । नवप्रवेशीलाई शुभकामना दिँदै मध्य पूर्व इन्चार्ज गुरागाईंले देशलाई आवश्यक पार्टी नेकपा एमाले हो भन्ने अनुभूत गरी संगठन प्रवेश गर्ने स्वागत गरेका थिए ।

देशमा समानान्तर राजमार्गलाई ६ लाइनको राजमार्ग बनाएर समग्र मधेशको विकासको योजना तथा त्यसको कार्यान्वयन केपी ओलीको पालामा भएको बताउँदै योग्यता र क्षमता अनुसार सांगठनिक जिम्मेवारी दिइने बताउँदै मञ्चको सांगठनिक वरियताको बारेमा प्रस्ट पारेका थिए ।

मञ्च अन्तर्राष्ट्रिय कमिटीका उपसचिव पोखरेलले कार्यक्रमलाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि तथा नेकपा एमालेका नेता अरगरिया एक महिनादेखि नेपालबाट कतार आएर समग्र मधेशलाई समेट्न गरेको गृहकार्यको खुलेर तारिफ गरे ।

उनले आगामी निर्वाचनमा नेकपा एमालेलाई देशको एक नम्बर संगठन बनाउने जिम्मा आज संगठन प्रवेश गर्ने तीन सय जना नव-प्रवेशीहरूको समेत रहेको हुँदा जिम्मेवार बन्न आग्रह गरे । उनले नेकपा एमालेको ९ महिने सरकार तथा पूर्वप्रधानमन्त्री स्वर्गीय मनमोहन अधिकारीको स्मरण गराएका थिए ।

संविधान जारी गर्दाका बखत नेकपा एमाले तथा केपी ओलीले लिएको अडान, भारतले लगाएको नाकाबन्दीमा देशको शिर झुक्न नदिएको अवस्था, चाइनासँग पारवहन सन्धि गरेर भारतको एकतन्त्रीय ताना शाही प्रवृत्तिको अन्त्य गर्न केपी ओलीले विशेष भूमिका खेलेको कुरा नव प्रवेशिका लागि सकारात्मक शिक्षा इतिहासका रूपमा रहेको बताए ।

कार्यक्रमका प्रमुख अतिथि अरगरियाले सम्बोधन गर्दै राष्ट्र बनाउने पार्टी नेकपा एमाले मात्र रहेको तथा पार्टीहरूका अध्यक्षहरू मध्य राष्ट्र बनाउने व्यक्ति केपी ओली मात्र रहेको दाबी गरे । राष्ट्र राष्ट्रियताका बारेमा निकै समय खर्चिएका अरगरियाले मन्तव्य मैथिली भाषामा राखेका थिए । संविधान दिवसलाई कालो दिन मनाउने व्यक्तिहरू नै पदमा जान अग्रस्थानमा हुने द्वैध चरित्र बोकेका व्यक्तिहरूका कारणले मधेश प्रदेशमा समस्या पर्ने गरेको बताए ।

मधेश सुरक्षा, सीमा सुरक्षा कार्यक्रम, रेललाई लिगमा उभ्याउने काम, सबै केपी ओलीको पालामा भएको बताउँदै अरगरियाले आफ्नो सम्पत्ति सम्पूर्ण रूपमा राष्ट्रको नाममा हस्तान्तरण गर्ने नेता अहिलेसम्म ओली मात्र रहेको बताए ।

# भगवानपुरमा जसपाको पार्टी सुदृढीकरण तथा विस्तार कार्यक्रम सम्पन्न



**रामएकवाल राम/मध्यान्ह**
लहान, ६ असोज

जनता समाजवादी पार्टी नेपाल (जसपा)ले आफ्नो संगठन विस्तार तथा पार्टी सुदृढीकरण अभियान कार्यक्रम भगवानपुरमा सप्पन्न गरेको छ । शुक्रबार सिरहाको भगवानपुर गाउँपालिका-३ स्थित श्री अधारभुत विद्यालयको प्राङ्गणमा पार्टीको वडा कमिटीका अध्यक्ष तथा पूर्ववडा अध्यक्ष हरी नारायण यादवको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा प्रदेश सांसद राजु गुप्ताको प्रमुख आतिथ्य रहेको थियो भने भगवानपुर गाउँपालिकाका पूर्वअध्यक्ष बेचन प्रसाद यादवलगायत पार्टीका नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि गुप्ताले आगामी निर्वाचनमा पार्टीलाई अझ सशक्त र बलियो बनाइ मुलुकको वैकल्पिक शक्तिको रुपमा स्थापित गर्ने उद्देश्यले यो अभियान थालिएको जानकारी दिए ।

# भन्सार छलीको सामानसहित ट्रक प्रहरीको नियन्त्रणमा



**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, ६ असोज

पश्चिम नवलपरासीको सरावल गाउँपालिका वाड नं ६ गुजरवाटोलबाट प्रहरीले ४६ लाख ५० हजार ६ सय मूल्य बराबरको अवैध मालसामान बरामद गरेको छ । इलाका प्रहरी कार्यालय महेशपुरबाट प्रहरी निरीक्षक फलबहादुर तामाङको कमाण्डमा खटिएको प्रहरी टोलीले शुक्रबार राति उक्त अवैध मालसामान बरामद गरेको हो ।

भुजहवाबाट परासीतर्फ आउँदै गरेको ना ६ ख ४७१६ नम्बरको ट्रकलाई रोकी चेकजाँच गर्दा उक्त ट्रकभित्र भन्सार छली अवैधरूपमा ल्याउँदै गरेको अन्दाजी २७ लाख ५० हजार ६ सय मूल्य बराबरको जुत्ता, चप्पल, ताला चाबी, कालो पेन, फुल स्प्रे, पेन्टिङ ब्रस, एअरबड, पेन्सिल, इरेजर, प्रिन्टरमा प्रयोग हुने चारकोल कालो पाउडरलगायतका मालसामान बरामद गरिएको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बसप)का सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक रेशम बोहराले जानकारी दिए ।

प्रहरी नायब उपरीक्षक बोहराका अनुसार प्रहरीले ट्रक र ट्रक चालक नवलपरासी सरावल गाउँपालिका ५ धनगढवा बस्ने बशिष्ट थारुलाईसमेत नियन्त्रणमा लिएको छ । उक्त ट्रकको मूल्य अन्दाजी १९ लाख रुपैयाँ बराबर रहेको छ ।

बरामद सामान, ट्रक र चालकलाई आवश्यक कारबाहीका लागि शनिबार भैरहवा भन्सार कार्यालय पठाइएको प्रहरी नायब उपरीक्षक बोहराले जानकारी दिए ।

# आजपा निकट आईटी आर्मीको गरुडा नगर भेला सम्पन्न

## ५१ सदस्यीय नगर कमिटी गठन

**सागर संगम ठाकुर/मध्यान्ह**
रौतहट, ६ असोज




रौतहटको गरुडामा प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा) निकट आईटी आर्मीको गरुडा नगर भेला सम्पन्न भएको छ । शनिबार गरुडा नगरपालिकाको गरुडामा भएको भेलाले अमिन्द्र यादवको अध्यक्षतामा आईटी आर्मीको ५१ सदस्यीय नगर कमिटी गठन गरेको छ ।

आजपाका जिल्ला इन्चार्ज त्रिभुवन साह 'अमर', आईटी आर्मीका प्रदेश अध्यक्ष नरेश तुराहा, जिल्ला इन्चार्ज बालाशंकर कुशवाहा, जिल्ला नेता रविन्द्र यादव, रामशरण यादव लगायतका नेताहरुको रोहवरमा नगर कमिटी गठन गरिएको हो ।

आजपाले देशमा 'बैंकले मनोमानी ढंगले लिएको ब्याज रकम फिर्ता गर्न संघर्ष गरौं, आईटी आर्मीलाई आम जनताको सेवामा समर्पित गरौं' भन्ने मूल नाराका साथ नगर भेला सम्पन्न गरिएको जिल्ला इन्चार्ज साहले जानकारी दिए ।

# दिपेन्द्र राज गिरीद्वारा लिखित 'बिधाता' पुस्तक विमोचन



**काठमाडौं/मस–** सामाजिक अभियान्ता तथा लेखक दिपेन्द्रराज गिरीद्वारा लिखित 'बिधाता-२', ' बिधाता-३' र 'बिधाता-४' पुस्तकको विमोचन तथा 'दिपेन्द्र राज गिरी स्पाइनल नेत्र प्रतिष्ठान'को उद्घाटन भएको छ ।

भक्तपुरमा आयोजित एक समारोहकाबीच पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले उक्त पुस्तक विमोचन तथा प्रतिष्ठान उद्घाटन गरेका हुन् ।

कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका पूर्वप्रधानमन्त्री ओलीले शारीरिकरुपमा अशक्त भएर पनि निरन्तर आफ्नो कर्ममा लागेका गिरी समाजको उदाहरणीय पात्र भएको बताए । 'शारीरिकरुपमा मजबुद भएकाहरु काम गर्न अल्छी मान्छन्, तर कठिन शारीरिक अवस्थाबीच उहाँको लगनशीलताले सबैलाई पाठ सिकाएको छ' उनले भने । गिरीद्वारा लिखित पुस्तक पठनीय, ज्ञानवर्द्धक र जानकारीमूलक भएको बताउँदै पूर्वप्रधानमन्त्री ओलीले पुस्तकमा पछिल्लो केहि दशक यताका राजनैतिक, सामाजिक दस्तावेज संग्रहित रहेको आफुले पाएको बताए ।

पूर्वप्रधानमन्त्री ओलीले आफुजस्तो स्पाइनल समस्या भोगिरहेकाहरुलाई सहायता गर्न र यसबारे जनचेतना फैलाउन प्रतिष्ठान पनि शुरु गरेकोमा गिरीलाई धन्यवाद ज्ञापन गरेका थिए ।

'गिरीजीले प्रष्ठिाननै खोलेर आफुजस्तो शारीरिक अशक्तता भएकाहरुको जीवन सहज बनाउन जुन प्रयत्न थाल्नुभएको छ, त्यो एकदमै प्रशसनीय छ' ओलीले भने 'यसमा सबैको सहयोगको खाँचो छ, बस् तपाईंहरुले आफ्नो मन लोभीचाहिँ नबनाउनुहोला ।'

कार्यक्रममा बोल्दै कांग्रेस नेता तथा प्रतिनिधिसभा सदस्य रामहरी खतिवडाले दिपेन्द्र राज गिरीजस्ता पात्रलाई सबैले उत्साह र उर्जा दिनुपर्ने बताए । 'नेपाली राजनीतिक, सामाजिक परिघटनामा गिरीले गरेका टिप्पणी दुरदर्शी सावित भएका छन्, उनको पुस्तकमा उल्लेख घटनाक्रमले त्यसलाई पुष्टि गर्छ' उनले भने ।

यस्तै नेपाली कांग्रेसका केन्द्रीय सदस्य मधु आचार्यले आत्मबल र अठोट भए जस्तोसुकै कठिनाइ पन्छाएर पनि सफल हुन सकिन्छ भन्ने उदाहरण गिरीले प्रस्तुत गरेको बताए । सो अवसरमा देश र समाजमा विभिन्न माध्यमबाट विशिष्ट योगदान पुऱ्याएका व्यक्तित्वहरुलाई सम्मानसमेत गरिएको थियो ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०६/०७**

**र्यातन मिडिया हाउस प्रा.लि.** (Rayan Media Pvt. Ltd.) को मिति २०८०/०३/२७ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **काजी साब रेष्टुरेन्ट एण्ड बार प्रा.लि.** (Kaji Sab Restaurant and Bar Pvt. Ltd.) **(प्रा.लि. नं.: २६६७७९)** कायम गर्ने गरी मिति २०८०/०४/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८/०५/०५ मा दर्ता भएको **प्रा.लि. नं. ६०५१४** को **न्यूज टुर्स एण्ड ट्राभल्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साउदीमा रोजगार | कम्पनी : TEN GRAMS CAFE FOR PROVIDING DRINKS शहर : Turaif**

पूर्व स्वीकृत मितिः २०८०/०६/०४ चलानी नं.: ६०२०८००६ L.T. No.: 292764

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**२. कम्पनी : QATAF AL BARAKA FOODSTUFF COMPANY** शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०६/०५ चलानी नं.: ६०२०८००३ L.T. No.: 292829

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading and Unloading Labor | 5 | 0 | स. काममा दक्ष | 1100 | ३८,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**३. कम्पनी : FAHAD ABDULLAH WOSEL AL SHAIBANI COMPUTER GROUP** शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०६/०४ चलानी नं.: ६०२०८००४ L.T. No.: 292828

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**४. कम्पनी : AJMAL PALM TRADING EST.** शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०६/०४ चलानी नं.: ६०२०८००५ L.T. No.: 292827

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading and Unloading Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**५. कम्पनी : BAREZ AL SHARQ COMPANY FOR OPERATION AND MAINTENANCE** शहर : Buraidah

पूर्व स्वीकृत मितिः २०८०/०५/२७ चलानी नं.: ६०२०७७४२ L.T. No.: 292559 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 16 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | office And Facility Cleaning Labor | 64 | 0 | | 1000 | ३५,३०० | | | | | | | |

**६. कम्पनी : GH TRANSPORT COMPANY LTF** शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०३/१० चलानी नं.: ६०२०३७३० L.T. No.: 288391 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ६३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० असोज १४ गते (1 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Fast Employment Service (P.) Ltd.**
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Gov. Lic No. 1399/074/075
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com



## सम्पादकीय

# प्राथमिकतामा मुलुकको हित

उत्तरी छिमेक चीनका राष्ट्रपति सी जिनफिङसँग प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शनिबार भेटवार्ता गरेका छन् । एसियाको ठूलो प्रतियोगिता एसियाडको उद्घाटन हुने दिन प्रधानमन्त्री प्रचण्ड चीन पुगेका हुन् । एसियाडको उद्घाटन अगाडि नै प्रधानमन्त्री प्रचण्डले चिनियाँ राष्ट्रपतिसँग भेटेका छन् । चीन भ्रमणका क्रममा प्रधानमन्त्री प्रचण्डले अरू नेता र विभिन्न ठाउँको अवलोकन समेत गर्ने छन् । सी सहित नेताहरूसँग भेटवार्ता र छिमेकी मुलुकको भ्रमणका लागि प्रधानमन्त्री प्रचण्ड अमेरिकाबाट सिधै चीन गएका थिए । तेस्रोपटक प्रधानमन्त्री बनेपछि प्रधानमन्त्री प्रचण्ड पहिलोपटक चीन गएका हुन् । यसअघि प्रचण्डले दक्षिणी छिमेक भारत, इटाली र अमेरिका भ्रमण गरे । दक्षिणी छिमेक हुँदै पश्चिमी मुलुकहरूको भ्रमणपछि मात्रै अर्को छिमेक चीन भ्रमण गरेकोबारे अनेक प्रधानमन्त्री प्रचण्डको परराष्ट्र नीतिबारे अनेक टिप्पणी भइरहेको छ ।

तर प्रधानमन्त्री प्रचण्डले चीनसँगको सहमतिमै आफू भारत, अमेरिका हुँदै चीन भ्रमणमा गएको बताएका छन् । यी भ्रमणहरू मध्ये अमेरिकामा संयुक्त राष्ट्र संघको सभामा भाग लिन गएका थिए भने इटालीमा पनि राष्ट्र संघकै खाद्य प्रणालीबारे शीखर सम्मेलनमा भाग लिन गएका थिए । अहिले चीन भ्रमणको प्रयोजन पनि एसियाड हो । एसियाकै ठूलो प्रतियोगिता भएकाले सदस्य राष्ट्रका नेताहरू त्यहाँ पुगेका छन् । त्यसैक्रममा प्रधानमन्त्री प्रचण्ड चीन पुगेका हुन् । तर भारत भ्रमण भने अर्को कुनै प्रयोजनको अवसरमा भएको थिएन । प्रधानमन्त्री नरेन्द्र मोदीकै आमन्त्रणमा प्रधानमन्त्री प्रचण्डले १७–२० जेठमा भारत भ्रमण गर्न प्रचण्ड नयाँ दिल्ली पुगेका थिए ।

विदेश भ्रमणको यो शिलशिलालाई लिएर टिप्पणी हुनुको कारण भने अहिले विश्व शक्तिहरूबीच चलिरहेको संघर्षमा नेपाललाई कहाँ उभ्याउने भन्नेमा केन्द्रीत देखिन्छ । विशेषगरी अमेरिका र चीन बीच अहिले एकप्रकारको शक्ति संघर्ष देखिएको छ । त्यसको असर नेपालमा पनि परिरहेको छ । अमेरिकाले एमसीसी र आईपीएसको माध्यमबाट आफ्नो प्रभुत्व बिस्तार गरिररहेको छ भने चीनले बीआरआईलाई आफ्नो महत्वकांक्षी परियोजना भनेको छ । नेपालले भने दुबै परियोजनामा हस्ताक्षर गरेको छ । चर्को विवादबीच एमसीसी संसद्बाट अनुमोदन भएको छ भने बीआरआईमा चिनियाँ चासो छ । यस्तो बेला प्रधानमन्त्री प्रचण्डको भ्रमणले मुलुककै दीर्घकालीन हितलाई जोडेर विश्लेषण हुनु स्वभाविक देखिन्छ । प्रधानमन्त्री प्रचण्डले पनि मुलुकको दीर्घकालीन हितलाई ध्यान दिएर आवश्यक निर्णय गर्न आवश्यक छ ।

# संविधान कार्यान्वयनको अभ्यास

अग्रलेख



● शंकर तिवारी

दुनियाँमा सबैभन्दा धेरै संविधान बनाउने देशको सूचीमा नेपाल पर्दछ । यो अनौठो सत्यबाट यो लेख सुरू गर्नु सान्दर्भिक हुन्छ । सन् १७८७ मा लेखेको संविधानले अमेरिका अहिलेसम्म चलेको छ । १९५० मा जारी भएको संविधानले भारत चलेको छ । बेलायत त झन् अलिखित संविधानले चलेको देश मानिन्छ । नेपालले अहिलेसम्म २००४ साल, २००७ साल, २०१५साल, २०१९ साल, २०४७ साल, २०६३ साल र २०७२ साल गरी सातवटा संविधानको अभ्यास गरिसकेको छ ।

कुनै पनि संविधान प्रस्तावनाबाट सुरु हुन्छ । नेपालको संविधान पनि त्यो कुराबाट अछुतो छैन । नेपाली संविधानको प्रस्तावना मौलिक छ । जस्तो अमेरिकाले आफ्नो संविधानमा 'हामी अमेरिकाका जनता' वा भारतले पनि 'हामी भारतका जनता' बाट प्रस्तावना सुरु गरेको देखिन्छ । तर नेपालको संविधान २०७२ मा 'हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता' भन्ने चार शब्दबाट सुरु भएको छ । सार्वभौमसत्ता सम्पन्न भने शब्दले प्रस्तावनामा बलपूर्वक प्रवेश पाएको छ । नेपाली जनतालाई सार्वभौमसत्ता शब्दसँग हुन गएको भ्रम र भयका कारण यस्तो हुन गएको हो । वि.सं. २०४७ को संविधानको प्रस्तावनामा राजा वीरेन्द्रले हामी अर्थात् राजसंस्थासँग रहेको राजकीय सत्ताको आधारलाई जनताको सार्वभौम अधिकारभन्दा माथि राखेको भएर पनि होला संविधान निर्माताहरूले प्रस्तावनाको प्रारम्भमै सार्वभौमसत्ताबारे जनतालाई आश्वस्त र प्रत्याभूत गराउन खोजेको । संविधान जारी गर्ने बेला राजकीय सत्ता भन्ने शब्द राजा वीरेन्द्रले मन्त्रिपरिषद्को सिफारिसभन्दा पनि आफ्नो कोटको खल्तीबाट निक्लेको कागजातबाट पढेका थिए भन्ने मत पनि नभएको होइन । नेपाली जनता असली अर्थमा सार्वभौमसत्ता सम्पन्न हुन कति समय लाग्ला यसै भन्न सकिन्न तर, प्रस्तावनाले हामी नेपाली जनतालाई सार्वभौमसत्ताको अवस्थितिबारे विश्वस्त बनाउने कोशिस गरेको कुरालाई सकरात्मकरूपमा ग्रहण गर्नु पर्दछ ।

वि.सं. २०७२ को संविधान विगत सात दशकदेखिको नेपाली जनताको नेपालको स्वत्वको खोजीको दस्तावेज हो । कामकाजी संविधानको खोजमा नेपालले आधुनिक समयमा जति समय व्यतीत गऱ्यो, त्यो हाम्रा छिमेकी पाकिस्तान, श्रीलंका, बर्मा वा बङ्गलादेशले समेत गरेका छैनन् । लोकतान्त्रिक वा तानाशाही, सैनिक वा संवैधानिक राजतन्त्र जुन ढाँचाको शासकीय स्वरुप भएता पनि ती देशहरूले संविधानको धाराहरू संशोधन वा निलम्बनबाट काम चलाएको देखिन्छ । हाम्रो जस्तो मौजुदा संविधानलाई पूर्णतया निष्क्रिय बनाउँदै वा खारेज गर्दै प्रत्येक पटक छलाङको आशामा नयाँ संविधान जारी गरेको देखिन्न । तीन चौथाइ शताब्दीमा सात वटा संविधानको अभ्यासले संविधानवादको मर्यादा कति राखेको छ या छैन्, संविधानवादको अभ्यास कुन तहमा पुगेको छ आजको अहम् सवाल त्यो हुनु पर्दछ । त्यो कसीबाट हेर्दा एउटा साझा प्रवृत्ति देखा पर्दछ ।

नेपालमा संविधान दिने वा जारी गर्ने पक्षले कहिले पनि संविधानको अक्षरशः पालन गरेको छैन । संविधान जारी गर्ने पक्षले आफूलाई हमेशा कानुनभन्दा माथि राखेकाले विद्यमान द्वन्द्व घट्नेभन्दा थप द्वन्द्वका लागि ठाउँ मिलिरहेको देखिन्छ । चाहे त्यो राणा प्रधानमन्त्री पद्मशमशेर हुन् वा राजा त्रिभुवन या राजा महेन्द्र नै । बिपी कोइरालाले यो कुराको आत्मवृत्तान्तमा वर्णन गरेका छन् । राजा महेन्द्रले बिपीको मूड बुझ्न चार वटा प्रश्न खामबन्दी गरेर पठाएका थिए, त्यसमध्येको चौथो प्रश्न थियो, 'प्रजातन्त्रका लागि केही पूर्वाधार चाहिन्छ, त्यसका सम्बन्धमा, ती पूर्वाधारहरू कस्ता हुन्, त्यसका सम्बन्धमा तपाइँको भनाइ के छ ?' बिपीको जवाफ उस्तो थियो, 'प्रजातन्त्रको लागि कुनै पूर्वाधार चाहिँदैन । तर प्रजातन्त्रलाई समाप्त गर्ने जसको शक्ति छ, त्यसमा भने प्रजातन्त्रप्रति आस्था हुनु पर्दछ । त्यो मात्र एउटा पूर्वाधार छ (पृ. २८०, आत्मवृत्तान्त) ।'

हालै प्रकाशित जेल डायरी (१९६२-१९६८) मा बिपी कोइराला भन्छन्, 'देशको सबैभन्दा शक्तिशाली कार्यकारी पनि त संविधानप्रति जवाफदेही हुनुपर्दछ (पृ. ३४५) ।' राजालाई आफ्नो बाचा पूरा गर्न लगाउने कुनै लगाम नै छैन । नेपालको राजनीतिमा सबैभन्दा दुर्भाग्यपूर्ण भनेको राज्यको सबैभन्दा शक्तिशाली व्यक्ति भनिएका राजाले आफ्नै शब्दहरूको वजन र सम्मान नराख्नु हो' (पृ. ३७८) । बिपीका यी तीन उदाहरणबाट के बुझ्न सकिन्छ भने अहिले हामी राजाविहीन युगमा प्रवेश गर्दा पनि बिपीले संकेत गरेको प्रजातन्त्र वा संविधानमाथिको खतरा जस्ताको तस्तै छ । कारण सबैभन्दा शक्तिशाली केही शीर्ष दलका नेताहरू र संविधानले निर्दिष्ट गरेबमोजिम उच्च पदमा बस्नेहरू नै संविधानप्रति जवाफदेही नभएको र उनीहरूले आफ्नै शब्दको वजन र सम्मान नराख्नु नै हो । अर्कातर्फ हाम्रो अभ्यास हेर्दा कार्यपालिकाले व्यवस्थापिका र न्यायपालिकालाई ज्यादा दबाएर राख्न खोजेको देखिन्छ । कार्यपालिका ज्यादा हाबी भएको देखिन्छ । न्याय क्षेत्र त निरन्तरको मनोवैज्ञानिक दबाबमा परेको छ कारण न्यायाधीश नियुक्तिदेखि महाभियोगसम्मका प्रकरणहरूले उनीहरूको मनोबल र उत्साह धर्मराएको देखिन्छ । त्यो सबैका बाबजुद न्यायपालिकाले संविधानको व्याख्या गर्दा देखिएको विधि शास्त्रीय पद्धतिको अनुशिलनले कार्यपालिकालाई आवश्यक सन्देश दिन सफल भएको देखिन्छ । कोशी प्रदेशमा सभामुखले अनधिकृत मतदान गरेको बारेमा सर्वोच्चले गरेको फैसला एउटा प्रमाणिक साक्षी बनेको छ । व्यवस्थापिकाको प्रभावकारिता सत्ता पक्ष र प्रतिपक्ष दुवैको कारणले सन्तोषजनक छैन् । कार्यपालिका ज्यादा हाबी हुने समयमा व्यवस्थापिका र न्यायपालिकाको स्वतन्त्र रूप ओझेल पर्दछ । यो कुरा संविधानको लागि खतराको संकेत हो । अन्तरिम संविधान २०६३ माथि नेताहरूको अरहन- खटनको छायाँ धेरै हाबी भएको थियो । अब नेताहरूले त्यो गर्न सक्ने अवस्था त छैन, तर उनीहरू त्यस्तो कार्य गर्ने मनोवृत्तिबाट बाहिर पनि आएका छैनन् ।





*विश्वमा कतैपनि हाम्रो जस्तो मौजुदा संविधानलाई पूर्णतया निष्क्रिय बनाउँदै वा खारेज गर्दै प्रत्येक पटक छलाङको आशामा नयाँ संविधान जारी गरेको देखिन्न । तीन चौथाई शताब्दीमा सात वटा संविधानको अभ्यासले संविधानवादको मर्यादा कति राखेको छ या छैन, संविधानवादको अभ्यास कुन तहमा पुगेको छ आजको अहम् सवाल त्यो हुनु पर्दछ ।*

सात वटा संविधानका अन्तरवस्तु हेर्दा, ती कुनैले पनि शासकीय स्वरूप वा राजनीतिक स्थापनामा बाहेक आर्थिक उपार्जनका बारेमा जोड दिएर खास उपलब्धि हासिल गर्न सकेको छैन् । हाम्रो राजनीतिक व्यवस्थालाई आर्थिक संरचनाले थेग्न सकिरहेको छैन । जनतामा देखिएको आम नैराश्यलाई संविधानको घेराभित्रबाट सम्बोधन गर्न आर्थिक रुग्नता र जर्जरताले गर्दा कठिनाई भइरहेको छ । अधिकांश गणतान्त्रिक संविधानका निर्माताहरू जीवित नै हुनुहुन्छ । तर कहाँनिर न्याङ्गोठ्याङ मिल्न सकेन चित्त बुझ्दो जवाफ पनि छैन् ।

अमेरिकी संविधान बनाउँदा नै संघले भन्दा ज्यादा अधिकार प्रदेशले राखेका थिए । नागरिकको मतदानको अधिकारदेखि दास प्रथा राख्न पाउने नपाउनेसम्म त्यो निर्णय गर्न राज्यहरूलाई छुट थियो । हाम्रोमा संघीयता ढिला आयो र केन्द्रीकृत मानसिकताले गर्दा प्रदेश र पालिकाहरूको अधिकार निक्षेपण पनि अपेक्षाकृत हुन सकिरहेको छैन । संविधान संघीय गणतान्त्रिक तर, नेतृत्वको दिमागी चेतना भने एकात्मक पञ्चायती । जतिसक्दो छिटो यो मानसिकता बदल्न सकिन्छ, त्यति नै यो संविधानप्रति जनविश्वास र अपनत्व थप फैलिएर जान्छ ।

वर्तमान संविधान कुनै पनि देशको संविधानको नक्कल हो भन्न मिल्ने खालको छैन । यो मौलिक नेपाली चरित्रको छ । कार्यान्वयनमा आएका पछिल्ला पाँच वटा संविधान चीनको जस्तो हुने वा भारतको जस्तो हुने भन्ने सवालमा घरेलु र भूराजनीतिको द्वन्द्वमा ती निर्माणदेखि लागू हुँदाका बखतसम्म अन्तरद्वन्द्वमा परिरहे । वर्तमान संविधान पनि त्यही खिचातानीमा अल्झिने खतरा बढेको छ । गणतान्त्रिक संविधानअन्तर्गतको पहिलो संसदको कार्यकाल खास उपलब्धिमूलक रहेन । अहिले दोस्रो संसदको पहिलो वर्ष सकिन लाग्दा पनि सोचें जस्तो उत्साह दिन सकिरहेको छैन । विधेयक निर्माण गर्ने तौरतरिका बदल्नु पर्ने देखिएको छ । खोटपूर्ण विधयेक लगेर बहुमतको आडमा सुसूचित छलफल बिना जबरजस्ती पास गर्ने प्रवृत्ति कायमै छ ।

गणतान्त्रिक संविधानले हाम्रो विगत र आगतलाई कसरी जोड्यो वा जोड्न सकेन, त्यो कोशिस गरेको भए कति सफलता मिल्यो त त्यसको पनि सम्यक मूल्यांकन गर्दै जानुपर्दछ । यो संविधान लेखिँदा देश विभाजित मनोदशामा थियो । तराई मधेसले आफ्नो विमति मुखर रूपमा राखेको थियो । तर पहिले देश रहनु पर्दछ अनि मात्र त्यसको एउटा अङ्ग मधेसले न्याय पाउँछ भन्ने सोचले गर्दा मधेसको आवाज पहिलो र दोस्रो संशोधनमार्फत क्रमशः सम्बोधन हुँदै गई रहेको देखिन्छ ।

यो संविधानमा आफ्नो विमति राखेर हस्ताक्षर नगर्ने नेता प्रदीप गिरी थिए । उनले समेत अघिल्लो सरकारबाट निरन्तर संविधानमाथि प्रहार भएको महसुस गरे तब पहिलो गणतान्त्रिक संसदबाट यो संविधानको रक्षाका लागि बोले । कारण यो संविधान यति धेरै प्रगतिशील छ, सदियौंदेखि दासताको जाँतोमा थिचिएर बहिस्करणमा परेका कर्णाली, मधेस, दलित, महिला, आदिवासी/जातजाति, अल्पसंख्यक सबै तह र तप्काले न्यायको अनुभूत गर्न पाएका छन् । यसमा टेकेर थप अधिकार पाइन्छ, सामयिक संशोधन गर्दै भन्नेमा विश्वस्त छन् । यो संविधानको विशिष्ट सामर्थ्य नै त्यही हो । यो २०४७ को संविधान जस्तो लचक नभएर चुँडिएको जड संविधान होइन । यो संविधान लचकदार छ ।

बन्द कोठामा बसेर विगतको संविधान जस्तै यो संविधानलाई पनि कोमामा लग्न उद्धत कुनै तत्व छन् भने तिनीहरूले बुझ्दा हुन्छ, यो विगतका छ वटा संविधान जस्तो कमजोर छैन, यो २१औं शताब्दीमा नेपाली जनताले परिकल्पना गरेको सामाजिक सम्झौताको दस्तावेज हो । यसको जगेर्ना जुनसुकै संकटमा पनि यसका असली निर्माता जनताले गर्नेछन्, यो जनताका प्रतिनिधिले लेखेको संविधान हो । जनताले आवश्यक परे उनीहरूको प्रतिनिधित्व गरेर संयोगले संविधानका निर्माता बनेर राजकाजका क्रममा निर्माताको चेतनाबाट विमुख बनेका नेताहरूलाई संवैधानिक संरचनाभित्रबाट सबक सिकाउन तयार छन् तर आफ्नो अधिकार खोसिएको, सुशासन र सेवा प्रवाहमा ढिलासुस्ती गरेको सहन तयार छैनन् । जाँदाजाँदै नेपाली राजनीतिमा झण्डै तीन दशकदेखि रजगज गरिरहेको वर्तमान पुस्ताले गणतान्त्रिक संविधानको आत्मा पक्रेर कार्य गर्न नसकेको सत्यलाई हृदयंगम गर्दै उनीहरूसँगै अघि बढेको नयाँ पुस्तालाई जतिसक्दो मार्गप्रशस्त गर्नु उचित हुन्छ । शीर्ष नेताहरूको अनुहारमा कान्ति छैन, कार्यप्रणालीमा नवीन सोच छैन् ।

तीव्र गतिमा बदलिएको जनसंख्याको आयामले नेपाल अर्को ठूलो उथलपुथलको संघारमा उभिएको आभास दिएको छ । एक दशकमा नै १२ प्रतिशतबाट बढेर ३३ प्रतिशत महिला घरमुली भएका छन् । देश छाड्नेहरूको हतार रोकिने छाँटकाँट छैन । कृषि गणनाले यस्ता धेरै आयाम उजागर गरेको छ । क्रान्तिले आफ्ना सन्तान आफैं खानु अगाडि उनीहरूले ती स्वप्नविहिन पुस्ताबाट राजनीतिक नेतृत्व खोसेर लिनु पर्दछ । त्यो नै गणतान्त्रिक संविधानको जगेर्नामा आवश्यक पहिलो खुड्किलो हुनेछ ।

## सामाजिक सञ्जाल



**- ओमकुमार थापा**

शिक्षकहरूलाई स्थानीय तहअन्तर्गत बस्न असहज भएको हो भने आन्दोलन संघीयताका विरुद्ध केन्द्रित हुनुपर्छ । संघीयता फाल्न अहिलेको संविधान बाधक छ । संविधान संशोधन गराउने या च्यात्ने त्यसपछि मात्रै तपाईंहरूका माग पुरा हुन सक्छन् । यो कठिन मार्गमा जाने हिम्मत तपाईंहरूसँग छ त ?



**- डम्मर खतिवडा**

हामी तिनलाई सुध्रिन आग्रह गर्छौं- जो झन् बिग्रिन प्रतिबद्ध छन् । तिनलाई नचोर भन्छौं, जसको परिचय नै भ्रष्टता हो । तिनलाई राम्रो गर्न भन्छौ, जसको उन्नति नै असक्षमता र नालायकीबाट भएको छ । तिनबाट देश बन्ने आशा गर्छौं, जसले तीन दशकदेखि भत्काउन बाहेक केही जानेनन् । फेरि यो कस्तो धैर्यता हो ?



**- विष्णु ढकाल**

'उचालेको कुकुरले मृग मार्दैन' जुन देशका राजनैतिक पार्टीहरू नै प्रायोजीत छन् तिनका भातृ संगठन अछुतो कसरी हुने ? गाउँमा शिक्षकहरूको उपस्थिति र संगठन नै चुनाव जित्ने आधार बनेको वर्तमानमा हिजोको जस्तो स्वतन्त्र आन्दोलनको अपेक्षा नराखौं । आन्दोलनको श्रेय लिन तछाड मछाड छ, अनि माग कता-कता ?



**- सदिक्षा कार्की**

स्थानीय सरकारले उठाउने नियमित करमध्ये पसल या अन्य व्यवसायीले आफ्नो नाम राख्ने नामपाटीको शुल्क गत वर्ष सात सयदेखि एक हजार थियो, यो वर्षदेखि चार हजारदेखि नौ हजारसम्म लिन थालेछन्, व्यवसायीहरु बरु आत्महत्या गर्छन् तर सरकारी अत्याचारविरुद्ध एक शब्द बोल्दैनन्, कति सहन्छौ नेपाली हो ?

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | शिक्षासम्बन्धी कार्यमा रुकावट आउनेछ । अनावश्यक खर्च हुने योग छ । |
| वृष : | स्वास्थ्य लाभ तथा पराक्रममा वृद्धिको योग छ । |
| मिथुन : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरुमा राम्रो लाभ हुनेछ । |
| कर्कट : | पराक्रममा वृद्धि हुनेछ । जीवनसाथीको राम्रो सहयोग पाइनेछ । |
| सिंह : | विवादमा पर्न सकिन्छ । सावधानी अपनाउनुहोला । |
| कन्या : | पैतृक सम्पत्ति प्राप्तिको योग छ । शैक्षिक प्रगति हुनेछ । |
| तुला : | महत्वपूर्ण भेटघाट हुनेछ । कार्यहरुमा सावधानी राख्न आवश्यक छ । |
| वृश्चिक : | विरोधी सक्रिय रहनेछ । तनाव बढ्नेछ । |
| धनु : | कृषिजन्य कार्यमा लाभ प्राप्त हुनेछ । मुद्दा मामिलामा सफलता मिल्नेछ । |
| मकर : | राजनैतिक सहयोग प्राप्त हुनेछ । अनावश्यक खर्च हुनेछ । |
| कुम्भ : | सामाजिक कार्यमा वृद्धि हुनेछ । लगानी बढ्दै जानेछ । |
| मीन : | नाता-गोतासित भेटघाट हुनेछ । पारिवारिक जीवन सुखी रहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# औद्योगिक विकास र मजदुर आन्दोलन

विचार



● लेखराज रेग्मी

*साझेदार पुँजी र मजदुर चेतनाको सवालमा ठिक दृष्टिकोणको समस्या नेपाली औद्योगिकरणको मूल समस्या हो । हड्ताली मजदुरलाई ज्याला तिर्न उद्योग बेच्ने नीति र योजना बाह्य र दृश्य समस्या तथा कृत्रिम ढंगले तयार गरिएका भाष्य मात्रै हुन् । वास्तवमा संगठित मजदुर आन्दोलनमा बढ्दो बाम प्रभाव पहिलो कारण हो र चीन र रुसलाई खेद्ने संकिर्ण दृष्टिकोण दोस्रो ।*

नेपालका उद्योगधन्दा चौपुट पार्ने काममा तात्कालीन मजदुर संगठनमा काम गर्ने गैरमजदुर नेताहरुको 'हड्ताल प्रतिष्ठानमा र निकास नेपथ्यमा' जस्तो आर्थिक विकृति पनि एउटा कारण छ । गैरमार्क्सवादी ढंगले संचालित कथित कम्युनिष्ट पार्टीहरुका पेटी बुर्जुवा ट्रेड युनियनले सधैं व्यवस्थापनसँग गैरव्यवसायिक मजदुर नेताहरुको भरथेगको लागि उत्पादनसँग जोडिएको मजदुर आन्दोलनलाई विकृत गरिरहे । यसको ऐतिहासिक समिक्षा अत्यावश्यक छ ।

चीन र रुसले नेपालमा मजदुर वर्ग शक्तिको उत्पादन गर्न उद्योगधन्दा खोलेको थियो, यो भित्री मर्मलाई साम्राज्यवादले बुझ्यो र आफ्ना कुपमण्डूक समर्थकलाई ध्वंशको लागि निर्देशित गऱ्यो । तर, कम्युनिष्ट नामका टुटपुँजियाहरु आफ्ना स्वार्थको लागि मजदुर आन्दोलनलाई फुटाउने र वर्ग उत्थान गर्ने काम गरिरहे । यसको सही समिक्षा बिना त्यता बढ्न सकिने छैन ।

सरकारको नाममा खुलेका उद्योगहरुलाई राणाकालिन राजश्व प्रणालीअन्तर्गत बुझ्ने सामन्ती चिन्तनले राजकीय पुँजीवाद लागु गर्न सक्ने कुरै थिएन । राजनीतिक अर्थशास्त्रीय कोणबाट यसको समीक्षा आवश्यक छ । बिपी चिन्तनको नेपाली कांग्रेसभित्र घुसपैठ गरेका नवउदारवादका नयाँ चेलाहरुले बाँदर प्रवृत्ति घुसाएर यसलाई धराशायी बनाउन प्रशासनिक क्षेत्रमा देखिने भ्रष्ट चरित्र र कार्यकर्तालाई कमाउन पठाउने र कमिशन (हाजीराना)बाट पार्टी चलाउने गलत नीति पनि जिम्मेवार छ । यी सबै गल्ती कमजोरीको जगमा नेपाली अर्थव्यवस्थाको जग भत्काउने आपराधिक षड्यन्त्रले सार्थकता पाएको छ । यी यावत सवालमा जवाफ नखोजी हावामा बन्ने उद्योग नीतिले या त कम्पनी सरकार भित्र्याउँछ वा देशलाई बाह्य नियन्त्रणको खुला बजार मात्रै बन्न दिन्छ ।

साझेदार पुँजी र मजदुर चेतनाको सवालमा ठिक दृष्टिकोणको समस्या नेपाली औद्योगिकरणको मूल समस्या हो । हड्ताली मजदुरलाई ज्याला तिर्न उद्योग बेच्ने नीति योजना बाह्य र दृश्य समस्या तथा कृत्रिम ढंगले तयार गरिएका भाष्य मात्रै हुन । वास्तवमा संगठित मजदुर आन्दोलनमा बढ्दो बाम प्रभाव पहिलो कारण हो र चीन र रुसलाई खेद्ने संकिर्ण दृष्टिकोण दोस्रो । यी सबै बर्वादीको जग पञ्चायतकालमै राखिसकिएको थियो र संसदीय सत्ताले यसलाई परिणाममा पुऱ्याएको मात्रै हो ।

अराजक आन्दोलनको पेटी बुर्जुवा श्रृंखला मजदुर वर्ग र मजदुर आन्दोलनको बिसर्जन र गैरऔद्योगिकरणको एउटा सहयोगी 'कम्पोनेन्ट' हो भन्ने बुझ्न आवश्यक छ । यो सवालमा राजनैतिक अर्थशास्त्रका अध्येताहरुबाट गम्भीर खोज हुन आवश्यक छ, केवल गालीगलोजले नपुग्ने देखिएको छ

नेपालमा सबै अभिशाप हटाइएको राजकीय पुँजीवाद मात्रै राष्ट्रिय अर्थतन्त्रको जग बन्न सक्छ । राजनैतिक आर्थिक चिन्तनमा शुद्धिकरण यसको पूर्वसर्त हो । होइन भने यो गोलचक्र खाडलतिरै सोझिएको छ र भगवानले पनि बर्वादीबाट जोगाउने छैन ।

# युक्रेनलाई लामो दूरीमा प्रहार गर्ने क्षेप्यास्त्र दिँदै अमेरिका



**काठमाडौं/एजेन्सी–** अमेरिकाले युक्रेनलाई लामो दूरीमा प्रहार गर्ने क्षमताका क्षेप्यास्त्र युक्रेनलाई प्रदान गर्ने भएको छ । राष्ट्रपति जो बाइडेनले युक्रेनलाई लामो दूरीका क्षेप्यास्त्र चाँडै उपलब्ध गराउने योजना बनाएका हुन् ।

युक्रेनी राष्ट्रपतिसँग वासिङ्टनमा भेटवार्ता गरेपछि किएभलाई रुसका भित्रीभागसम्म प्रहार गर्ने क्षमताका हतियार दिने निष्कर्षमा उनी पुगेको हतियार सहायतासम्बन्धी विषयसँग परिचित एक जना अधिकारीले बताएका हुन् । युक्रेनले अब तीन सय किलोमिटर परसम्म प्रहार गर्ने क्षमताका एटिएसीएमएस क्षेप्यास्त्र प्राप्त गर्ने उनले बताए ।

यसैबीच युक्रेनले शुक्रबार प्रहार गरेको क्षेप्यास्त्रले रुसको ब्ल्याक सी फ्लीटको मुख्यालयमा क्षति गरेको छ । एक युक्रेनी सैन्य स्रोतका अनुसार सेभास्टोपोल बन्दरगाहमा बेलायत र फ्रान्सले प्रदान गरेका स्टोर्म स्याडो क्षेप्यास्त्र आक्रमण गरिएको हो । यी क्षेप्यास्त्र बढीमा एक सय दुई किलोमिटर परसम्म प्रहार गर्ने क्षमताका हुन् ।

# ३० देशका सेना प्रमुख दिल्लीमा भेला हुँदै



**काठमाडौं/एजेन्सी–** हिन्द-प्रशान्त क्षेत्रमा शान्ति र स्थायित्व प्रवर्द्धन गर्ने उद्देश्यले यही असोज ८ देखि १० गतेसम्म भारतको राष्ट्रिय राजधानी नयाँदिल्लीमा यस क्षेत्रका सेना प्रमुखको सम्मेलन हुने भएको छ ।

सम्मेलनमा ३० भन्दा बढी देशका प्रधान सेनापतिले भागलिने भारतीय सेनाका अधिकारीहरूले बताएका छन् । उनीहरूका अनुसार सम्मेलनको मुख्य उद्देश्य हिन्द-प्रशान्त क्षेत्रका मुलुकबीच साझेदारी एवम् सहकार्य, विचार आदानप्रदान र आपसी समझदारी विकास गर्नु हो । सम्मेलनमा आपसी हित र सुरक्षा चासोका विषयमा छलफल हुनेछ ।

आपसी समझदारी, सुरक्षासँग सम्बन्धित सबै विषयमा विचार एवं आपराधिक/आतंकवादी गतिविधि हुन नदिन सूचना आदानप्रदान, यस क्षेत्रमा शान्ति एवम् स्थायित्व प्रवर्द्धन, आपसी समझदारी र संवादको प्रक्रियालाई निरन्तररुपमा अघि बढाउन सम्मेलन महत्वपूर्ण हुने भारतीय सेनाले जनाएको छ ।

सम्मेलनमा अमेरिका, फ्रान्स र बेलायतलगायत देशका प्रधान सेनापति एवम् तिनका प्रतिनिधिले भाग लिने भारतीय सेनाले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

# 'बेलायत पुनः ईयूमा जोडिने सम्भावना छैन'

**काठमाडौं/एजेन्सी–** बेलायतको विपक्षी लेबर पार्टीका नेताले आफूले बेलायतलाई युरोपेली सङ्घमा पुनः जोड्न चाहेको भन्ने भनाइमा कुनै सत्यता नरहेको बताएका छन् । बेलायतको सत्तारुढ कन्जरभेटिभ पार्टीले उनले 'बेलायतको ईयूबाट भएको बहिर्गमन (ब्रेक्जिट) लाई उल्ट्याउन चाहेको आरोप लगाएको छ । केइर स्टामरको लेबर पार्टीले महिनौंदेखि लगातार जनमत सर्वेक्षणमा राम्रो प्रगति गर्दै आएको छ । उनले भर्खरै आफ्नो अन्तर्राष्ट्रिय कद बढाउने उद्देश्यले विदेश भ्रमण पूरा गरेका छन् । लण्डन फर्केपछि उनलाई केही दिनअघि राजनीतिक वृत्तमा गरिएको टिप्पणीका बारेमा सोधपुछ गरिएको थियो ।

मोन्ट्रियलमा आयोजित मध्यमार्गी वामपन्थी मञ्चमा उनले आफू युरोपेली संघको नियमबाट अलग हुन नचाहेको घोषणा गरेका थिए । यसै भनाइलाई लिएर चान्सलर जेरेमी हन्टले ब्रेक्जिटलाई 'अनपिक' गर्न चाहेको आरोप लगाएका छन् भने विदेशमन्त्री जेम्स क्लेभरलीले 'नामबाहेक सबैमा इयूमा पुनः सामेल हुन चाहेको' बताएका छन् । यो मुद्दा बेलायतको ईयू छोड्ने पक्षमा मतदान गरेको उत्तरी इंग्ल्याण्डको परम्परागत लेबर पार्टीप्रति झुकाव भएका क्षेत्रहरूमा अत्यन्त संवेदनशील छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८/०५/०५ मा दर्ता भएको **प्रा.लि. नं. ८५७७६** को **सुप्रिम आर्ट शप नेपाल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सूचना ! सूचना !! सूचना !!!**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाजुराद्वारा स्थानीय बडिमालिका नगरपालिकाको सहकार्यमा सप्ताहव्यापी विश्व रेबिजविरुद्धको दिवस २०८० विविध कार्यक्रमका साथ मनाइरहेको छ । सेवाग्राहीहरुलाई आफूलाई आवश्यक भएको सेवाका लागि सम्पर्क राख्न सूचीत गरिन्छ ।

**कार्यक्रमहरु:**
१) मिति २०८०/६/५ गते बिहान बडिमालिका न.पा.मा सप्ताहव्यापी रेबिजविरुद्धको दिवसको शुभारम्भ कार्यक्रम
२) मिति २०८०/६/५ देखि ११ गतेसम्म कुकुर र बिरालोहरुलाई रेबिजविरुद्धको निःशुल्क खोप सेवा
३) मिति २०८०/६/६ देखि १० गतेसम्म मार्तडी, कोल्टी र टाँटेमा रेबिजविरुद्ध स्कुल शिक्षा कार्यक्रम
४) सामुदायिक रेडियो, एफ.एम. तथा पत्रपत्रिकामार्फत सप्ताहव्यापी प्रचारप्रसार एवम् चेतनामूलक सन्देश प्रवाह
५) मिति २०८०/६/११ गते बिहान ८ बजे बडिमालिका न.पा. ८ बाट प्रभातफेरीसहित सप्ताहव्यापी रेबिजविरुद्धको दिवस समापन ।

**सुदूरपश्चिम प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाजुरा**
**सम्पर्क नं ९८५८४८५७६४, ९८५८४२५०२०, ९८४८६९४४९९**

**भवन निर्माण सम्बन्धि श्रम ठेक्का कार्यको सिलबन्दी बोलपत्र आह्वानको सूचना**

*यस सिद्धि स्मृति प्रतिष्ठानको प्रस्तावित नयाँ भवन निर्माणकार्य गर्नुपर्ने भएको हुनाले अनुभवी फर्म तथा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र भ.पु.जि. भ.न.पा. वडा नं. ७ स्थित यस सिद्धि स्मृति महिला तथा बाल अस्पतालको प्रशासन शाखाबाट रु. २,०००।- (फिर्ता नहुने गरी) शुल्क तिरी बोलपत्र फारम लिई शिलबन्दी बोलपत्र दर्ता गर्न/गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदन साथ फर्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, स्थाई लेखा नम्बर तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।*

**पुनश्च:** *बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस प्रतिष्ठानमा निहित रहने छ ।*

*प्रशासन शाखा*
**सिद्धि स्मृति महिला तथा बाल अस्पताल**
*भिमसेनस्थान, भक्तपुर-७, नेपाल*
*सम्पर्क: ०१-६६१९३८२,* **URL: www.smf.org.np**

## सवरत एग्रो फार्म प्रा.लि. आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना

(प्रकाशन मितिः २०८०/०६/०७)

वागमती प्रदेश, काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका-३, चपलीमा सवरत एग्रो फार्म प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | सवरत एग्रो फार्म प्रा.लि.<br>ठेगानाः बुढानिलकण्ठ नगरपालिका-८, सुन्दर वस्ती, काठमाडौं जिल्ला, वागमती प्रदेश<br>सम्पर्क व्यक्ति : नितेश कटुवाल<br>फोन नं. :९८६७५७८३१९/ इमेलः sabaratagro@gmail.com |
| **प्रस्तावको व्यहोरा** | नामः सवरत एग्रो फार्म प्रा.लि.<br>उद्देश्यः ३ प्रकारका वाटर वेष्ट फ्लेभर ड्रिक्स उत्पादन तथा विक्री गर्ने<br>वार्षिक उत्पादन क्षमताः १०,०५,००० लि. (दैनिकः ३३५० लि.)<br>कित्ता नंः १०८ |
| **प्रभाव पर्न सक्ने जिल्ला /न.पा.** | काठमाडौं/ बुढानिलकण्ठ नगरपालिका-३ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली विच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न यस स्थानको नगरपालिका तथा यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र(१५) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नामः सवरत एग्रो फार्म प्रा.लि<br>ठेगानाः बुढानिलकण्ठ नगरपालिका-८, सुन्दर वस्ती, काठमाडौं जिल्ला, वागमती प्रदेश<br>सम्पर्क व्यक्ति : नितेश कटुवाल<br>फोन नं.: ९८६७५७८३१९, इमेलः sabaratagro@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | नामः ईन्भाईरोमेन्टल च्यालेन्ज कन्सल्ट प्रा.लि.<br>ठेगानाः चन्द्रागिरी-५, काठमाण्डौ,<br>फोन नं.: ९८४९०२८३५१, ९८४९७७३८५५,<br>ईमेलः challengesenvironmental@gmail.com |

**Kuwait मा रोजगार** | Darwaza Company For Logistics Services

पुन विज्ञापन । पुर्व स्वीकृती मितिः २०७९/०८/२० चलानी नं. ६०१९३१२४ LT No.: 277144

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner (Indoor) | 60 | साधारण | 85 | ३६,५५५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु १०,०००।- कामदार आफैले |

**अन्तरवार्ता २०८० असोज १४ गते (1 Oct., 2023) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**Gulf Star Overseas Pvt. Ltd.** "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com

**कुवेतमा रोजगारको अवसर** | कम्पनी: BLACK EDITION SALON
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः२०८०/०६/०४ चलानी नं.:६०२०७९६४ LT. No.: 292767

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dressers | 0 | 2 | सम्बन्धित काममा दक्ष | 150 | ६४,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Massage Therapists | 0 | 3 | | 150 | ६४,४०५ | | | | | | | |
| 3. | Nail Technicians | 0 | 2 | | 150 | ६४,४०५ | | | | | | | |
| 4. | Makeup Artists | 0 | 3 | | 150 | ६४,४०५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज १४ गते (1 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले व्यहोर्ने | रु. १,५००/– कामदारले व्यहोर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला।

JobSpot International Pvt. Ltd. Lic. No.: 835/066/067
**जब्सपट इन्टरनेशनल प्रा.लि.**
चप्पल कारखाना-०४ काठमाडौं, फोनः ४०१५५००,४०१५६००,४०१५५१६, फ्याक्स : ४०१५७०६

**UAE मा रोजगार** | FREE VISA FREE TICKET | **TRI STAR MIDDLE EAST INDUSTRIES LLC**
पुर्व स्विकृति मितिः 2080.06.04 चलानी नं. ६०२०७९६३ LT No. 292731

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब AED | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 03 | 1200 | 43429 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/– रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ताः २०८० असोज १४ गते (1 October 2023) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

**तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५

**साउदीमा वैदेशिक रोजगारको अवसर**

१. कम्पनीः **GULF FACTORY COMPANY FOR METAL INDUSTRIES** शहरःRIYADH
पूर्व स्वीकृत मितिः २०८०/०६/०४ चलानी नं.: ६०२०७९९५ LT. No.: 292843

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः **GULF FACTORY FOR THE PRODUCTION OF INSULATION BOARD FOR INDUSTRY** शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०६/०४ चलानी नं.: ६०२०७९९४ LT. No.: 292842

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः **ANOOSH TRADING COMPANY** शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०८०/०६/०४ चलानी नं.: ६०२०७९९६ L.T. No.: 292845

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज १४ गते (1 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Amity Human Resource (P.) Ltd.**
Govt Lic. No. 595/062/063
P.O. Box: 12543, Basundhara, Kathmandu, Nepal, Tel: +977-1-5903488, 5903399, 9801034262
Fax: +977-1-4361742, Email: amityhr5@gmail.com Website: www.amityhr.com

**साउदीमा रोजगार** | कम्पनीः AVAILABILITY INTERNATIONAL TRADING CORPORATION
शहरः RIYADH

पुर्व स्वीकृत मितिः२०८०/०५/२४ चलानी नं.:६०२०७४४२ LT. No.: 292208 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing And Wrapping Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**मलेसियामा रोजगार** | कम्पनीः YENG YING ENTERPRISE SDN BHD
शहरः PUCHONG

पूर्व स्वीकृत मितिः २०८०/०५/११ चलानी नं.: ६०२०६९३३ LT. No.: 291748 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Workers | 16 | 0 | स. काममा दक्ष | 1500 | ४२,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज १४ गते (1 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :984238673, 9801081253, 9801081255, 9801081252, 9851094766, 9801081247, 9823187308, 9827934073

**साउदीमा रोजगार** | कम्पनीः MOONLIGHT PLASTIC INDUSTRIES FACTORY
शहरः Saudi Arabia,AL-QATEEF

पूर्व स्वीकृत मितिः २०८०/०६/०४ चलानी नं.: ६०२०८०२३ LT. 292914

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load and Unload worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज १४ गते (1 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Future Link International Pvt. Ltd.**
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com

**साउदीमा रोजगार** | कम्पनी : AL SHALLAL PASTRY RESTAURANT FOR SERVING MEAL
शहरः DAMMAM

पूर्व स्वीकृत मितिः २०८०/०६/०५ चलानी नं.: ६०२०७९८४ LT. No.: 292778

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 7 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७०,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Worker | 5 | 0 | | 1000 | ३५,३६० | | | | | | | |
| 3. | Waiter | 5 | 0 | | 1200 | ४२,४३२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज १४ गते (1 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**S.R. Group HR Consultancy Pvt. Ltd.**
(Access Partner Manpower Pvt. Ltd.)
Govt. Lic. No.: 1123/073/074
Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700
Mob.: 9818309178, 9841516281 | Web.: www.srgroupsa.com

**कतारमा रोजगार** | कम्पनीः FOUNDER ARBON SERVICES AND CLEANING SERVICES
शहरः Qatar, Doha

पूर्व स्वीकृत मितिः २०८०/०५/२८ चलानी नं.: ६०२०७७४९ LT. No.: 292607 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 5 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ७५,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Services Employee | 256 | 50 | | 1400 | ५०,८४८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० असोज १४ गते (1 October 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/– कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

